म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३३४ मंगलबार २८ असार २०७९ ने. सं. ११४२ दिल्लाथ्व 12 July, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

साइकल पसले लागूऔषध ओसारपसारमा संलग्न

हेटौंडा, २७ असार/ हेटौंडामा साइकल पसल सञ्चालन गरेर बस्ने नै प्रतिबन्धित लागूऔषध ओसारपसारमा संलग्न रहेको खुलेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगर पालिका-१५ बाट ठूला परिमाणमा लागूऔषधसहित दुई पक्राउ गरेपछि यस्तो रहस्य खुलेको हो । धनुषा महेन्द्रनगर-२ घर भई हाल हेटौंडा-४ स्थित बाईपास रोडमा मुन्ना साइकल स्टोरका संचालक ३७ वर्षीय मुन्ना भन्ने अमन प्रसाद जैसवाल लागूऔषध ओसारपसार गरेको आरोपमा पक्राउ परेका हुन् । उनीसँगै बारा कलैया उपमहानगरपालिका-१३ का २७ वर्षीय सन्तोष साह कलवारपति पक्राउ परेका छन् ।

उनीहरुमाथि पूर्वपश्चिम राजमार्गअन्तर्गत् बीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको ना १ ज २३९६ नम्बरको सुमोको सिटमुनी सेतो बोराभित्र प्रतिबन्धित नाईट्राभेट १ हजार ५ सय ट्यावलेट र वीनसाइरेक्स २ सय ४० बोतल लुकाएर ल्याएको आरोप लागेको छ । जैसवाल र कलवरलाई प्रहरीले लागूऔषधसहित पक्राउ गरेको जिप्रका मकवानपुरले जानकारी दिएको छ । लागूऔषध र टाटा सुमो गाडीसहित दुबैजनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान कार्य भइरहेको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।

निर्धारित समयभन्दा तीन महिना अगाडि नै बन्यो राप्ती पुल

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/ सम्झौता भएको वर्षौंसम्म पनि बाटो र पुलजस्ता सार्वजनिक सरोकारका भौतिक पूर्वाधार निर्माणको कार्य सम्पन्न नभएर आमनागरिकदेखी सरकार पनि आजित हुँदै आएको छ ।

निर्माण कार्यको लागि ठेक्का सम्झौता गर्ने अधिकांश निर्माण व्यवसायीहरुले वर्षैनी अनेक बहाना बनाएर सम्झौता मिती थन्नुपर्ने माग गर्ने गरेका छन् । निश्चित समय भित्रमा निर्माण कार्य सम्पन्न गर्ने लिखित सम्झौता गरेपनि त्यसलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्ने निर्माण कम्पनीहरु भेटाउन मुश्किल पर्ने गर्छ ।

यस्तोमा निर्धारित समयभन्दा अगाडि नै हेटौंडाको एउटा पुन निर्माण कार्य सम्पन्न हुँदा स्थानीयबासी आश्चर्यमा परेका छन् । हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर ११ र १२ लाई जोड्ने राप्ती पुल सम्झौता भएको निर्धारित समयभन्दा तीन महिना अगाडि बनेपछि स्थानीयबासीहरु खुसी मात्रै होइन आश्चर्यमा पनि परेका छन् । वर्षौंदेखी खोला तरेर बगरको बाटो आउजाउ गर्ने दुईवडाको बासिन्दा यतिबेला तोकिएको समयभन्दा अगाडि नै पुल बनेपछि हर्षित बनेका हुन् । समय भन्दा अगाडि नै पुल बनेपछि दैनिक रुपमा पुल हेर्न जाने र फोटो खिच्नेहरुको भीड नै लाग्न थालेको छ ।

हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर ११ र १२ लाई जोड्न राप्ती खोला तर्ने २ सय १५ मिटरको पुलले दुई वडालाई मात्रै जोड्ने छैन, निर्माण क्षेत्रमा हुने ढिलासुस्ती र बहाबाजीलाई एउटा सकारात्मक उदाहरणीय झापड पनि हानेको छ । यसले समयमा निर्माण सम्पन्न नगर्ने निर्माण व्यवसायी कम्पनीहरुलाई दवाव पनि दिएको छ ।

बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको यातायात पूर्वाधार निर्देशनालयले ठेक्का दिएको निर्माण कम्पनीले निर्धारित समयभन्दा तीन महिना अगाडि नै पुल निर्माण कार्य सम्पन्न गरेको जनाएको छ ।

हेटौंडा उपमहानगर पालिकाको वडा नम्बर ११ र १२ लाई जोड्ने उक्त पुल प्रदेश सरकारले हालसम्म निर्माण गरेको ७१ वटा पुलहरुमध्येको सबैभन्दा ठूलो पुल रहेको समेत निर्देशनालयका निर्देशक सहदेव भण्डारीले बताए । उनको अनुसार निर्देशनालयले एलिट कन्सट्रक्सन कम्पनी प्रालिसँग २०७६ असोज २७ मा पुल निर्माणका लागि सम्झौता गरेको थियो ।

पुल निर्माणका लागि २०७९ असोज २६ सम्मको समायवधि रहेकोमा कम्पनीले असारमै काम सम्पन्न गरेको उनको भनाइ छ । २ सय १५ मिटर लम्बाई र ११ मिटर चौडाइमा निर्माण भएको उक्त नवलपुर र आल्दामार जोड्ने पुलले दुई वडाका स्थानीयको अवागमनलाई सहज बनाएको छ । यी दुई वडा जोड्ने यो पहिलो मोटरेबल पुल हो ।

निर्देशक भण्डारीले पुल निर्माणको लागि ३२ करोड ८८ लाख २९ हजार पाँचसय १३ रुपैयाँ खर्च अनुमान गरिएकोमा २७ हजार ४६ हजार २० हजार दुईसय ३३ रुपैयाँमा निर्माण सम्पन्न भएको जानकारी दिए । उनको अनुसार यसअघि प्रदेशले निर्माण गरेको नुवाकोटको तादी खोलाको ६५ मिटरको पक्की पुल तोकिएको समयभन्दा अगाडि नै निर्माण सम्पन्न भएको थियो । 'प्रदेश सरकार गठन भएँखि हालसम्म ७१ वटा पुल निर्माण भइसकेको छ । जसमध्ये दुईवटा पुल तोकिएको समयभन्दा अगाडि सम्पन्न भएको छ । हामी निर्माण कम्पनीलाई दैनिक ०.०५ प्रशितका दरले बाँकी समयको रकम पुर स्कारस्वरुप उपलब्ध गराउने छौं,' निर्देशक भण्डारीले भने ।

प्रदेशले ठेक्का आह्वान गरेकोमध्ये हाल ३० वटा पुल निर्माणाधिन अवस्थामा रहेको उनको भनाइ छ । आगामी आर्थिक वर्षमा करिब २ सय वटा पुलको ठेक्का आह्वान गर्ने तयारीमा निर्देशनालय रहेको छ ।

निर्माण कम्पनीका प्रतिनिधि राजु विडारीका अनुसार पर्सा राष्ट्रिय निकुञ्जका कारण पुल निर्माणमा केही समस्या सिर्जना भएको थियो । 'निकुञ्जसँग समन्वय गरेर पुल निर्माण गर्नुपर्ने कारण केही ढिला सम्पन्न हुन पुग्यो । हामी अझै छिट्टो निर्माण गर्न सक्थ्यौं,' उनले भने । प्रदेशले ठेक्का आह्वान गरेकोमध्ये हाल ३० वटा पुल निर्माणाधिन अवस्थामा रहेको भण्डारीले जानकारी दिए । पुल निर्माण भएसँगै अल्दामार र नवलपुरको ४० मिनेटको बाटो ५ मिनेटमा छोट्टिएको छ ।

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०७८/७९ मा बहुवर्षिय रुपमा कार्यान्वयन भई सञ्चालन भइरहेको पाँच वटा ठूला योजनाहरु सम्पन्न गरेको छ ।

प्रदेश यातायात पूर्वाधार निर्देशनालयको अनुसार राप्ती नदी पुल निर्माण, भीमफेदी कुलेखानी सडक कालोपत्रे, नुवाकोटको पञ्चकन्या र तादी जोड्ने ३ सय ३५ मिटरको बैसीकठेरी झोलुंगेपुल, १ सय १५ मिटरको दुप्चेश्वर र माझागाँउ जोड्ने बिभिरे झोलुंगेपुल, मकवानपुरको भीमफेदी र धार्के दोभान जोड्ने १ सय ९० मिटरको झोलुंगे पुल र सिन्धुपालचोकको १ सय २९ मिटरको ताप गाउँ पंगर्पू झोलुंगे पुल निर्माण सम्पन्न भएको छ ।

बढ्यो संक्रमण, १६८ संक्रमित थपिए



काठमाडौं, २७ असार (रासस)/ कोरोना भाइरसको संक्रमण दैनिक बढिरहेको छ । सोमबार १६८ जनामा संक्रमण पुष्टि भएको छ । हिजो असार २६ गते १२१ मा संक्रमण देखिएको थियो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको बुलेटिनका अनुसार तीन हजार २० परीक्षण गर्दा सोमबार सो संख्यामा संक्रमण देखिएको छ । सक्रिय संक्रमितको संख्या ७७० रहेको छ । सो अवधिमा ३७ संक्रमणमुक्त भएका छन् ।

योसँगै संक्रमणमुक्त हुनेको संख्या नौ लाख ६७ हजार ७२४ पुगेको छ । यो दर ९८.७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । शून्य संक्रमित भएका जिल्ला १५ रहेका छन् ।

काठमाडौंमा २०० बढी सक्रिय संक्रमित छन् । होम आइसोलेशनमा ७४९, संस्थागत आइसोलेशनमा २१ रहेका छन् । सघन उपचार कक्ष (आइसियु) मा १२ र भेन्टिलेटरमा एक जनाको उपचार भइरहेको छ ।

दायित्व सरेपछि तीन करोड बढी बजेट पारित

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/ मकवानपुरगढी गाउँपालिकाले १० असारमा ल्याएको बजेटभन्दा झण्डै तीन करोड बढाएर आगामी आव २०७९/०८० का लागि नयाँ बजेट सर्वसम्मतीले पारित गरेको छ ।

गाउँपालिकामा सोमबार भएको दोस्रो गाउँसभाबाट आगामी आवका लागि ७० करोड ७७ लाख ६७ हजार बजेट पारित भएको छ । गाउँपालिकले १० असारमा ६७ करोड ४४ लाख २२ हजारको अनुमानित आयव्यय सार्वजनिक गरेको थियो ।

तर, चालू आवमा आन्तरिक स्रोतमा रकम नहुँदा सम्पन्न विकास योजनालगायतका कार्यमा भुक्तानी दिन नसकेपछि गाउँपालिकालाई अनुमानित ७ करोड रकम दायित्व गरेको थियो । दायित्व रकम सरेपछि गाउँसभाले गाउँपालिकाले ३ करोड ३३ लाख ४५ हजार रकम बढाएर नयाँ बजेट पारित गरेको छ ।

गाउँपालिकाको आन्तरिक स्रोत रितिँदा सम्पन्न योजनाको भुक्तानी दिन नसकेको हो । गाउँपालिकाभित्र सञ्चालित पाँच वटा क्रसरले बक्यौता रकम नतिरेपछि आन्तरिक स्रोत रितिएको थियो । नदीजन्य पदार्थ संकलन गरेको बक्यौता रकम नबुझाएकै कारण गाउँपालिकाले गत शनिवार क्रसर उद्योगहरुमा ताला लगाएको थियो । क्रसरहरुले यसअघि गाउँपालिकासँग लिखित सहमति गरेर बक्यौता रकम तिर्ने प्रतिबद्धता जनाएका थिए ।

भौतिक पूर्वाधार, कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन क्षेत्रलाई प्राथमिकता दिँदै गाउँपालिकाको देस्रो गाउँ सभाद्वारा आगामी आर्थिक वर्षको बजेट पारित गरेको हो । वडागत योजनाहरुमा ८ करोड २४ लाख, योजना तथा कार्यक्रममा ५ करोड ४९ लाख ५० हजार, शिक्षा क्षेत्रमा १ करोड ९० लाख, कृषि विकास क्षेत्रमा ८० लाख, पशुपन्छी क्षेत्रमा ८० लाख, शिक्षा क्षेत्रमा १ करोड ९० लाख र स्वास्थ्य क्षेत्रमा ५५ लाख बजेट विनियोजन गरिएको गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी पाखिनले जानकारी दिइन् ।

चालु आवको आगामी आवमा सर्ने अनुमानित दायित्व रकम ७ करोड, संघीय समपुरक अनुदान वापत ५ करोड ३० लाख, प्रदेश सशर्त र विशेष अनुदान वापत ३ करोड ४९ लाख ३८ हजार रुपैया र प्रदेश समपुरक योजना वापत ३ करोड प्राप्त हुने उनले बताइन् । गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको सभाध्यक्षतामा भएको गाउँसभामा प्रस्तुत बजेट पास भएसँगै अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक पनि पास गरिएको छ । विनियोजन विधेयक प्रस्तावलाई कार्यान्वयन गर्नबनेको कानुनको सम्बन्धमा सम्बोधन पनि पास गरिएको छ ।

'विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९को मारबाट विस्तारै उठ्दै गरेको जनजिवीका, बढ्दो महंगी अनि गरिवीबाट आक्रान्त समुदायको जिवनस्तर सुधार गर्नेतर्फ सोही अनुरुप काम गर्ने बताउँदै चालु आव २०७८/७९ मा गाउँपालिकाले प्रक्षेपण गरेको अपेक्षाकृत आन्तरिक आम्दानी प्राप्त नहुँदा हाम्रा सामु आएको दायित्व, जनताहरुका असिमित आवश्यकताहरु अनि सिमित बजेट सिमाको बीचमा रहेर पनि यथासम्भव गुणस्तरीय र जनउत्तरदायी काम गर्ने अठोट लिएका छौं ।,' उपाध्यक्ष पाखिनले भनिन् ।

वर्षकै उत्कृष्ट बन्यो चित्रेपानी र अमृता वन

हेटौंडा, २७ असार/ मकवानपुरमा सामुदायिक वनतर्फ चित्रेपानी र अमृता तथा कबुलियत वनतर्फ सुनगाभा वर्षकै उत्कृष्ट वन घोषित भएका छन् ।

जिल्ला वन क्षेत्र समन्वय समितिको बैठकले सोमबार उत्कृष्ट वनहरुलाई नगदसहित पुरस्कृत गरिएको छ । बैठकमा सामुदायिक वनतर्फ हेटौंडा-६ र १५ कार्यक्षेत्र रहेको चित्रेपानी सामुदायिक वन उपभोक्ता समूह र बागमती गाउँपालिका-८ स्थित अमृता सामुदायिक वन उपभोक्ता समूहलाई २० हजार ५ सय नगदले पुरस्कृत गरिएको हो । कबुलियत वनतर्फ बागमती गाउँपालिका-७ को सुनगाभा कबुलियती वन समूहलाई २० हजार नगदसहित कबुलियती वन उत्कृष्ट समूहबाट पुरस्कृत गरिएको हो । बैठकमा वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरिएको थियो । डिभिजन वन कार्यालय राप्तीका प्रमुख विष्णुप्रसाद आचार्यले यसवर्ष सोचेभन्दा उल्लेख्य रुपमा बोटविरुवा उत्पादन गरी वृक्षारोपण गर्न सफल भएको बताएका छन् । डिभिजन वन कार्यालय हेटौंडाका सहायक वन अधिकृत नवराज थापाले पनि यसवर्षको वन क्षेत्रको प्रगति प्रतिवेदन पस्तुत गरेका थिए । थापा र आचार्यले पेस गरेको प्रगति प्रतिवेदनलाई बैठकले पास गरेको छ । जिल्ला समन्वय समितिका प्रमुख ललित कुमार घलानको सभाध्यक्षतामा भएको बैठकमा हेटौंडा उपमहानगर का प्रमुख मिनाकुमारी लामा, सहायक प्रजिअ बद्रीनाथ गैह्रे, डिभिजन वन कार्यालय मकवानपुरका प्रमुख शिव सापकोटा, डिभिजन वन कार्यालय राप्तीका प्रमुख विष्णुप्रसाद आचार्य, सहायक वन अधिकृत बसन्तराज गौतमलगायतको उपस्थिति थियो ।

लेनदेन बिगोमा फरार प्रतिवादी पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/ मकवानपुर प्रहरीले लेनदेन बिगोमा फरार प्रतिवादीलाई गरेको छ ।

प्रहरीले फरार प्रतिवादी मुक्तिनाथ पण्डितलाई गत शुक्रबार हेटौंडा-१० बसपार्कबाट पक्राउ गरेको हो । पण्डितलाई लेनदेन बिगोमा लागत नम्बर २६८/२१६५ मुद्दामा काठमाडौं जिल्ला अदालतबाट फैसला भई कैद तथा जरिवाना ठहरको फैसला भएको थियो ।

अदालतको फैसलापश्चात् पण्डित फरार रहेका थिए । प्रतिवादी पण्डितलाई पक्राउ गरी आवश्यक कारबाहीको लागी काठमाडौं जिल्ला अदालत बबरमहल पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

सुमार्गीको सक्रियतामा पुष्प खेती कार्यक्रम संचालन गर्न सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/ नेपाल उद्योग बाणिज्य महासंघ अन्तर्गत कृषि उद्यम केन्द्रका सभापति अरुणराज सुमार्गीको सक्रियतामा धनगढी उपमहानगरपालिका र केन्द्र बीच पुष्प खेती कार्यक्रम संचालन गर्न सम्झौता भएको छ ।

केन्द्रका सभापति सुमार्गी र उपमहानगरपालिका प्रमुख गोपाल हमालले समझदारी पत्रमा हस्ताक्षर गरेका छन् । धनगढीमा फूलको उत्पादन र धनगढीलाई फूलको शहर बनाउन केन्द्रले उपमहानगरपालिकासंग सहकार्यको सुरुवात गरिएको केन्द्रका सभापति सुमार्गीले बताए । सुमार्गीले केन्द्रले भविष्यमा थप कार्यक्रमलाई समेत जोड्दै लैजाने बताए ।

सुमार्गीले भैरहवाका फुल कृषक रमेश पाण्डे र नुवाकोटका रामशरण बानियाँलगायत पुष्प विज्ञहरूलाई सो कार्यमा जोड्ने बताए । समझदारी अन्तर्गत केन्द्रले फुल खेती गर्न आवश्यक प्राविधिक व्यवस्था गर्ने, व्यवसायीक फूल खेती गर्नका लागि नयाँ जातिको फूलको बिरुवा निःशुल्क वा सहूलियत मूल्यमा उपलब्ध गराउने, फूल खेती गर्न आवश्यक तालिम संचालन गर्ने, उत्पादित फूलको बजारीकरण गर्न सहयोग गर्छ भने उपमहानगरपालिकाले फूल खेती गर्न कृषक, कृषक समूह वा कृषि सहकारी छनोट गर्ने, फूल खेती गर्न आवश्यक स्थान जग्गा उपलब्ध गराउने, फूल खेती गर्न आवश्यक प्राविधिकलाई यातायात खर्च र दैनिक भत्ता उपलब्ध गराउने, फूल खेती गर्न विभिन्न सस्थाहरुसंग सहकार्यको व्यवस्था मिलाउने र उत्पादित फूलको बजारीकरण गर्न सहयोग गर्ने लगायत उल्लेख छ । समझदारीमा हस्ताक्षरपछी उपमहानगरपालिका प्रमुख हमालले केन्द्रसंग सहकार्य गर्न पाउदा खुशी व्यक्त गरे । उनले धनगढीलाई फुलमा आत्मनिर्भर बनाउन आफू लागि परेको समेत बताए । समझदारी समारोहमा उद्योग बाणिज्य महासंघका केन्द्रिय सदस्य कल्पना गैरे,बझाङ उद्योग बाणिज्य संघका अध्यक्ष तथा सुदूर पश्चिम प्रदेशका कोषाध्यक्ष दानबहादुर सुर्मेली, जितपुरसिमरा उद्योग बाणिज्य संघका अध्यक्ष मोहन शर्मा, मकवानपुर उद्योग बाणिज्य संघका निवर्तमान अध्यक्ष कृष्ण कटुवाललगायतको उपस्थिति रहेको थियो । सभापति सुमार्गीले अत्तरियामा बन्दै गरेको अंत्तरिया उद्योग बाणिज्य संघको भवन पनि निरीक्षण गरेका छन । उनले निर्माणाधीन भवनलाई आवश्यक सहयोग गर्ने वचन दिएका छन् । अत्तरिया उद्योग बाणिज्य संघका अध्यक्ष अशोकराज देवकोटासहितको टिमले सुमार्गीलाई स्वागत गरेको थियो । सुमार्गीले नेपालभरि नै सय किसान अभियान पनि सञ्चालन गरिरहेका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

सम्बन्धविच्छेद पछिको समस्या

नेपाली समाजमा सम्बन्ध बिच्छेद सामान्यजस्तो बन्न लागेको छ । हिजोआज नेपाली समाजमा सम्बन्धविच्छेदका घटना अधिक हुने गरेका समाचार सार्वजनिक भइरहेका छन् । कुनै पनि महिला या पुरुषले बिहेपछि आफूले सोचेको जस्तो जीवन जिउन र स्वतन्त्र हुन पाएनन् भने उनीहरुको बैवाहिक सम्बन्धमा चिसोपन आउँदछ । त्यसैले वैवाहिक जीवनको असफलताको अन्तिम बिन्दु भनेकै सम्बन्ध विच्छेद हुन पुग्दछ । बालविवाह, बहुविवाह, अनमेल/अन्तरजातीय विवाह, प्रेमविवाह, असमझदारी, अपहेलना, गरिबी, सम्पत्ति, रोग, निःसन्तान, शंकालु भावना तथा वैदेशिक रोजगारीजस्ता विविध कारणले दाम्पत्य सम्बन्धमा चिसोपना ल्याइरहेको छ । जसलाई पति र पत्नी मिलेर समाधान गर्न नसक्दा सम्बन्धविच्छेदजस्तो अप्रिय निर्णयमा उनीहरु पुग्दछन् ।

हाम्रो समाज पुरुषप्रधान समाज हो । यहाँको धार्मिक परम्परा र संस्कारबमोजिम अधिकांश महिलाले दोस्रो दर्जाको नागरिक भएर बाँच्नुपर्ने बाध्यता छ । महिलाहरुले विभिन्न शारीरिक, मानसिक, सामाजिक विभेद खेपिरहेका पनि छन् । यसैको उपजको रुपमा सम्बन्धविच्छेद देखिएको छ । विगतमा सम्बन्धविच्छेदको लागि महिलाको इच्छालाई सर्वोपरि मानिएकोमा २०७५ भदौ १ गतेदेखि लागू भएको मुलुकी संहिता (ऐन)ले सम्बन्धविच्छेद गर्नका लागि पुरुषले पनि अदालतमा निवेदन दिन पाउने व्यवस्था भएको छ । जसको परिणामस्वरुप सम्बन्धविच्छेदको घटना अझ बढ्ने अनुमान गरिएको छ । यस्तो कानूनी व्यवस्था लागूभएसँगै पुरुष पनि सम्बन्धविच्छेदका लागि अदालत धाउन थालेको पाइएको छ । विगतमा महिलाले मात्र सम्बन्धविच्छेदका मुद्दा दर्ता गर्न पाउने अवस्थामा यसरी वृद्धि भएको सम्बन्धविच्छेदको घटना अब पुरुषले पनि मुद्दा दर्ता गर्न पाउने भएपछि झनै बढेर जाने सम्भावना टड्कारो बनेको छ । पतिपत्नीबीच विविध कारणले सम्बन्धविच्छेद हुन्छ । तर, त्यसपछि आउने समस्याहरु धेरै देखिएको छ । सम्बन्धविच्छेदपछि उनीहरुबाट जन्मिएका बच्चाको भविष्य अन्धकारमय बनेको पाइन्छ । आमा र बुवाबाट पाउनुपर्ने माया, स्नेह नपाएपछि भविष्यमा ठूलो मान्छे बन्ने सपना बोकेको कयौं बालबालिकाको भविष्य अन्धकार बनेको छ । आमाबुवाको सम्बन्धविच्छेद भएका कारण कतिको जन्मदर्ता छैन । कतिपयले नागरिकता पाउन सकेका छैनन् । कतिले पढ्न पाएका छैनन् त कतिले राम्रोसंग खान र एकसरो लगाउन पनि पाएका छैनन् । वैवाहिक सम्बन्ध एउटा 'सम्झौता' पनि हो । त्यसैले यसलाई कायम राख्न जस्तोसुकै परिस्थितिलाई पनि समाधानको पाटोमा लैजानुको विकल्प छैन ।

सम्बन्ध विच्छेदमा महिला र पुरुष दुबैको समान भूमिका हुन्छ । दुई जनाबीचको विश्वासमा संकट सिर्जना भएपछि सम्बन्ध विच्छेदको प्रक्रिया सुरु हुन्छ । संसारको चक्र सही मार्गमा चल्न श्रीमान् श्रीमती 'एक रथका दुई पाङ्ग्रा' हुनैपर्छ । राजिखुसी, हाँसिखुसी रहनुपर्ने जीवनको सम्बन्ध टुट्नु, आपसी वैमनष्य बढेर साथ छुट्नु जीवनको अभिषाप हो । सामान्य कुरामा विभिन्न खाले तर्क गर्दै जानाजान सम्बन्ध बिगारेर आफू अलग हुने निर्णय लिनु पक्कै जायज होइन । दुबैबीच विश्वास र सम्मानको भावनाबाट सम्बन्धलाई बलियो बनाउनु आवश्यक छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मक्वानपुर प्रहरी		एम्बुलेन्स सेवा	
प्रहरी कन्ट्रोल:	१००	नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
जिल्ला ट्राफिक:	५२०५९९	हेटौंडा अस्पताल:	५२०३०५
वडा प्रहरी:	५२०२९९	परिवार नियोजन संघ:	५२०७४५९८४५१०४५००
पशुपतिनगर इलाका:	५२०५९८	मनहरी रेडक्रस:	९८४५१०५८२१
पालुङ इलाका:	६२०४६७	छतिवन रेडक्रस:	९८६१६२२३११
मनहरी इलाका:	९८५५०९०१६१	भीमफेदी रेडक्रस:	६२०६९९
इलाका फापरबारी:	६२१९८०	पालुङ रेडक्रस:	९८१४२०७४०१
इलाका भीमफेदी:	६९१४६२	बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
इलाका ठिंगन:	९८४५२९९३८१	सहकारी अस्पताल:	०४७-५२६५८७, ९८४५४१९१९४
चौकीटोल चौकी	९७४२५५९५०१	बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
चित्लाङ चौकी:	६९२०००	बाहुण यन्त्र:	१०१
चौघडा चौकी	९८४४०५४६०४	बाल हेल्पलाइन नेपाल:	१०९८
नेवारपानी चौकी:	९७५५०००२९९	माइती नेपाल:	५२१०५०
फाखेल चौकी:	९८४५०३१३९८	अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५
पदमपोखरी चौकी:	९८४५०९९७८९		

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार २९ गते बुधबार १३ जुलाई २०२२ । असार शुक्लपक्ष पूर्णिमा । दिल्लाथ्व ११४२ । सूर्योदय: ५:१८, सूर्यास्त: ७:०० मा हुनेछ । गुरु पूर्णिमा/भानु जयन्ती ।

आजको राशिफल

मेष	: नबोली बस्दा राम्रो हुनेछ	तुला	: मिहिनेतको फल मिल्नेछ
वृष	: प्रेममा विवाद आउनसक्नेछ	वृश्चिक	: स्वास्थ्यमा खराबी आउनेछ
मिथुन	: बोलिमा नियन्त्रण गर्नुपर्नेछ	धनु	: शुभ कामको संकेत मिल्नेछ
कर्कट	: हाँसखेलमा दिन जानेछ	मकर	: शरीरमा केही आलश्य हुनेछ
सिंह	: मनमा धेरै कुरा खेल्ने छन्	कुम्भ	: सफलता मिल्न गाह्रो छ
कन्या	: मन प्रसन्न रहनेछ	मीन	: यात्राबाट नोक्सान हुनेछ

पुनःस्थापनाको पर्खाइमा मेलम्चीबासी

(सञ्चिता घिमिरे, देवराज सुवेदी *(मेलम्ची)*)

पाँच महिना पहिले बनाएको घर गत वर्षको बाढीले बगाएपछि मेलम्ची नगरपालिका-११ फट्टेका धनबहादुर श्रेष्ठको परिवार अहिले भाडामा बसिरहेको छ । आफूले दुःख गरी कमाएको केही रकम र ऋण गरी बनाएको घर बगाएपछि उहाँ घरविहीन हुनुभएको हो ।

दुवाचौर जाने झोलुङ्गे पुल नजिकै कोठा भाडामा उहाँको परिवार बस्दै आएको छ । जसोतसो ऋण खोजेर जग्गा किनी बनाएको घरमा गत वर्ष असार १ गते मेलम्ची खोलामा आएको बाढी पसेको थियो । उहाँ अहिले बस्नुभएको बस्ती पनि सुरक्षित छैन । उहाँले भन्नुहुन्छ, "दनुवार गाउँमा आएको पहिरोले फट्टेका बस्तीमा जोखिम बढेको छ ।"

धनबहादुर जस्तै फट्टेका रमेश श्रेष्ठ र रामबहादुर दनुवारको व्यथा पनि उस्तै छ । असार १ र त्यसपछिको बाढीले कतिपयको घर बगायो । कतिको घर ढलेको जस्ताको तस्तै छ । कतिपय परिवार यस वर्ष पनि पोहोरको जस्तै बाढी आउने हो कि भन्ने त्रासले कुम्लो, कुटुरो बोकेर अन्तै गएर भाडामा बस्न थालेका छन् । बाढीले भएको जग्गा बगरमा परिणत गरिदिएपछि कतिपय परिवार चौतारा, काठमाडौं विस्थापित बनेका छन् ।

गत वर्ष बाढीका कारण घर बगाएर आश्रयविहीन बनेकाको पीडा एकाथरि छ भने घर भएर पनि असुरक्षित भएका स्थानीयबासीको पीडा बेग्लै छ । बाढीले नभत्काए पनि असुरक्षित बस्तीका घरमा नागरिक दुक्क्ले बस्न पाएका छैनन् । गत वर्षको बाढीले बढी क्षति पुऱ्याएको हेलम्बु, पाँचपोखरी तथा मेलम्चीका बासिन्दालाई कतिबेला बाढी आउने हो भन्ने त्रासले छाडेको छैन । वर्षायाम लागेदेखि एक दिन पनि राम्रोसँग निदाउन नसकेको हेलम्बु-२ का गङ्गानाथ भण्डारीले बताउनुभयो । खोला किनारमा रहेको घरमा कुन दिन खोला पस्छ भन्ने त्रास उहाँको परिवारमा छ । उहाँले भन्नुभयो, "अघिल्लो वर्ष घर नभत्किएपछि बसिरहेको छु तर कुन दिन केही हुन्छ कि भन्ने डर छ ।" राति खोला बढ्दै गएपछि माथिल्लो क्षेत्र गएर रातभर जाग्राम बस्ने गरेको हेलम्बु-२ किउलका विमला भण्डारी बताउनुभयो । उहाँले भन्नुभयो, "बल्लबल्ल बनाएको घर छोडेर कहाँ जाने ? घर हेर्दा सग्लै छ छोड्न पनि गाह्रो र डुक्क भएर बस्न पनि नसकिने छ ।"

सरकारले बाढीबाट घर पूर्ण क्षति भएकालाई पाँच लाख तथा जग्गा नहुनेलाई थप तीन लाख दिने बताए पनि अझै प्रभावितको हातमा पुग्न नसकेको यहाँका पालिकाहरुले जनाएका छन् । हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले बाढी प्रभावितलाई विभिन्न सङ्घसंस्था तथा पालिकाको सहयोगमा अस्थायी बासस्थान बनाएको बताउनुभयो । उहाँले भन्नुभयो, "छिटोभन्दा छिटो प्रभावितलाई थप रकमसहित घर तथा जग्गा किन्न रकम दिन संघीय सरकारले सहयोग गर्नुपर्छ ।" मेलम्ची खोलामा आएको बाढीका कारण प्रभावित जस्तै याङ्ग्री बाढणी प्रभावितको पीडा पनि उस्तै छ । उनीहरु पनि अझै पालमै बस्न बाध्य छन् । कतिपयको त घर बनाउने जग्गा समेत छैन । पाँचपोखरी थाङ्पाल गाउँपालिकाका अध्यक्ष टासी लामाले सरकारले समयमै अनुदान उपलब्ध नगराउँदा प्रभावित झन पीडामा परेको बताउनुभयो । यथाशीघ्र प्रभावितको हातमा रकम पार्ने व्यवस्था मिलाउनुपर्नेमा उहाँको जोड छ ।

मेलम्ची नगरपालिका विस्थापितलाई पुनःस्थापित गराउन र बचेका घर तथा संरचना जोगाउन लागिरहेको छ । प्रभावितले चाँडै रकम पाउने विश्वास प्रमुख आइतमान तामाङको विश्वास छ । उहाँले भन्नुभयो, "पुनःनिर्माणको काम चाँडो सुरु भएर उनीहरु चाँडै आफ्नै घरमा फर्कनेछन् भन्ने आशा छ ।" मेलम्ची, हेलम्बुमा नदी नियन्त्रणका लागि ढिला गरी भए पनि बजेट आएर काम सुरु भएको छ । तर काम प्रभावकारी नभएको स्थानीयबासीले गुनासो गरेका छन् । रकम विनियोजन भएर काम सुरु भए पनि अपेक्षा गरिएअनुसार अघि बढ्न नसकेको स्थानीयवासी इन्दु दनुवारले बताउनुभयो । सीमित व्यक्तिले मात्रै रकम पाएको उहाँको गुनासो छ । विगतमा जस्तै अहिले पनि वर्षौं वर्ष कुर्नुपर्ने अवस्था नआओस् भन्ने उहाँको अपेक्षा छ ।

एकैपटक ठूलो क्षति हुने गरी मेलम्ची नदीमा बाढी आएको एक वर्ष बितेर अर्को वर्ष लागिसक्दा पनि प्रभावितले राहतको महसुस गर्न नपाएका हून् । यस वर्ष पनि वर्षासँगै आएको बाढीले फेरि स्थानीयवासीको बासोबास र जग्गा जमिनमा क्षति गर्न थालिसकेको छ । प्रभावितले सुरक्षित आवाससँगै आयआर्जनका कार्यक्रम र बाटो, पुल चाँडो निर्माणको माग गरेका छन् ।

घर बगाउँदा वा बाढीका कारण बस्न नमिल्ने हुँदा अस्का घरमा भाडामा वा अस्थायी संरचना बनाएर बसिरहेका नागरिक यो वर्षको वर्षाले सडकमा क्षति पुऱ्याउँदा आवतजावत गर्न गाह्रो भएको बताउँछन् । गत वर्ष असारमा मेलम्ची खोलामा आएको बाढीले सात पक्की पुल र ११ झोलुङ्गे पुल बगाएपछि अस्थायीरुपमा ह्युमपाइप राखेर आवतजावत तथा यातायात सञ्चालन गरिएको थियो ।

हेलम्बु, मेलम्ची र पाँचपोखरीको गरी ५५१ घर बाढीले बगाएको थियो भने ५४ सय रोपनी खेतीयोग्य जमिन बगर बन्यो । बाढीका कारण २६ जनाको मृत्यु भयो । राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजनासँगै रेडियो मेलम्ची तथा ३३ वटा सार्वजनिक संरचनामा क्षति पुगेको थियो । बाढीका कारण घरबारविहीन हुने परिवारमध्ये ३३८ परिवारले आवास निर्माण अनुदानवापतको पहिलो किस्ता रकम प्राप्त गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । "निजी आवास अनुदानतर्फ मेलम्चीमा १५६ लाभग्राही र हेलम्बुमा १८२ लाभग्राहीको खातामा केही रकम पठाइएको प्रमुख जिल्ला अधिकारी वेदनिधि खनालले जानकारी दिनुभयो ।

गत वर्ष वर्षाका कारण ठूलो क्षति पुगेको मेलम्ची र आसपासका पालिकामा पुनःस्थापनाको काम अघि बढ्न छ । असारयता निरन्तर वर्षा भइरहँदा यहाँका संरचनामा थप क्षति पुगेको छ । अस्थायीरुपमा बनाइएका सडक र पुलमा समेत क्षति पुग्दा स्थानीयबासीको दैनिकी कष्टकर बनेको छ । सडक अवरुद्ध हुँदा अहिले मेलम्ची नगरपालिका-७ र ८, पाँचपोखरी गाउँपालिका-२ र हेलम्बु गाउँपालिका-२ र ३ का नागरिकले सास्ती भोगिरहेका छन् । मेलम्ची बजार आउनका लागि पहिले इन्द्रावती पुल र फट्टेको पुल हुँदै झण्डै १५ मिनेटमा पुग्नेमा अहिले घण्टौं समय लाग्ने गर्छ ।

गत वर्षको बाढीका कारण क्षतिग्रस्त भएका घरको पुनःनिर्माण र पुनःस्थापना गर्नका लागि प्रमुख जिल्ला अधिकारीमार्फत रकम विनियोजन भइरहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । निजी आवास पुनःनिर्माण अनुदानसम्बन्धी कार्यविधिबमोजिम नयाँ घर बनाउन अनुदान उपलब्ध गराइएको प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले बताउनुभयो । स्थानीय तहबाट जिल्लामा र जिल्लाबाट प्राधिकरणमा सिफारिस भएर आउने उहाँले बताउनुभयो ।

नागरिकलाई बसोबासका लागि घर र घर बनाउनका लागि जग्गा नभएमा त्यसका लागिसमेत प्राधिकरणले जग्गा उपलब्ध गराउँदै आएको छ । कसैको बस्ने बास घर छैन भने बासस्थानका जग्गा खरिद गर्न जिल्लाबाट माग गर्दा पठाउने गरिएको प्रवक्ता डा. भट्टराईले बताउनुभयो । घर बनाउन तीन लाख र जग्गामा चार लाख गरी जग्गाविहीनलाई रु सात लाख उपलब्ध गराइने उहाँले बताउनुभयो ।

घर बनाउन रकम कसैलाई दिने र कसैलाई नदिने सरकारको नीति नहुने डा. भट्टराईले बताउनुभयो । कतासम्म समस्या छ भनी प्राधिकरण आफैँलाई थाहा नहुने र आएको सिफारिसलाई नै आधार बनाएर विनियोजन हुने उहाँले जानकारी दिनुभयो । स्थानीय तहले प्रमुख जिल्ला अधिकारी नेतृत्वको जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गरेर पठाउने गरेको छ । पुनःनिर्माणमा सहजीकरण गर्ने काम जिल्लास्थित समिति र स्थानीय तह दुवैको हुने उहाँले बताउनुभयो ।

मेलम्ची, हेलम्बु क्षेत्रमा अध्ययन सुरु भए पनि अन्तिम प्रतिवेदन आइसकेको छैन । कुनकुन जोखिमपूर्ण छन् र तीनलाई कताकता सार्नुपर्छ भनी अध्ययनको प्रतिवेदनका आधारमा गरिने उहाँले बताउनुभयो । मेलम्ची खानेपानी आयोजनामा पनि एशियाली विकास बैंकले अध्ययन गरिरहेको छ । त्यसमा प्रारम्भिक प्रतिवेदन आएकाले सोही आधारमा प्रारम्भिक काम अघि बढाइएको छ । त्यसको अन्तिम प्रतिवेदन आएपछि नै धेरै काम हुनसक्ने उहाँले बताउनुभयो ।

अहिले देखिने गरी काम गर्न केही योजना अघि बढेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले ठोसरुपमा यसरी गर्ने यकीन छैन । एकद्वार नीतिका आधारमा गर्नुपर्छ ।" मेलम्ची र आसपासका क्षेत्रमा मनसुनका कारण जम्मा एक हजार ४१ प्रभावित भएका थिए । गत वर्षेखि नै पुनःस्थापनाको काम सुरु गरिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले बताउनुभयो ।

उहाँका अनुसार हालसम्म पुनःस्थापनाका लागि जम्मा रु २३ करोड ९८ लाख ९१ हजार २५० रकम खर्च भइसकेको छ । चालु आवमा रु १८ करोड ९१ लाख ५७ हजार ५०० र गत आवमा रु पाँच करोड सात लाख ३३ हजार ७५० रकम विनियोजन भएको थियो । मनसुन अस्थायी आवास निर्माणका लागि गत आवमा पहिलो किस्तावापत रु एक करोड ९२ लाख ५८ हजार ७५० र दोस्रो किस्तावापत रु ७१ लाख ५० हजार विनियोजन भएको प्राधिकरणले जनाएको छ ।

कुनै पनि बस्ती जोखिमपूर्ण हो भनी सिफारिस भएमा त्यसलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न प्राधिकरणले सहयोग गर्दै आएको छ । जोखिमको अवस्था कस्तो छ त्यसका आधारमा सहयोग गर्ने गरिएको प्रमुख कार्यकारी पोखरेलले बताउनुभयो । कुनै पनि बस्ती बस्नयोग्य छैन भनेर स्थानीय तहमा रहेका इञ्जिनीयरले हेरेपछि सोहीलाई आधार बनाइने गरिएको छ ।

ठूलो क्षेत्र नै जोखिमपूर्ण हो भन्ने लागेमा कहिलेकाहीँले प्राधिकरण आफैँ पनि अध्ययन गर्छ । कतिपय स्थानबाट अध्ययन गर्न प्राधिकरण आफैँलाई पनि अनुरोध हुने गरेको उहाँले बताउनुभयो । आफैँले हेरेर सिफारिस गरेकामा मात्रै प्राधिकरण पूर्णरुपमा जिम्मेवार हुन्छ भने अरुमा जिल्लाको कार्यालय र स्थानीय तह पनि जिम्मेवार हुन्छन् । जोखिमपूर्ण भनी यकीन गरिएकामा प्राथमिकताका आधारमा घर स्थानान्तरण गरिने बताइएको छ ।

प्राधिकरणले घर निर्माणका लागि हिमाली जिल्लामा पाँच लाख, पहाडी जिल्लामा चार लाख र तराईमा रु तीन लाख रकम उपलब्ध गराउँदै आएको छ । जोखिम व्यवस्थापनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६, प्रधानमन्त्री दैवीउद्धार कोष सञ्चालन नियमावली, २०६३, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ कार्यान्वयनमा रहेका छन् । *-रासस*

नेपालको खाद्य सुरक्षा कति सुरक्षित ?

डा. खेमराज शर्मा आचार्य

चलिरहेको पन्ध्रौं योजनाअनुसार नेपालको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको २७ प्रतिशत योगदान रहेको छ भने ६० प्रतिशत जनसंख्या यसमा लागेका छन् । अझै पनि मुलुकका ग्रामीण भेगका जनताको मुख्य पेशा कृषि नै रहेको छ । प्राचीनकालदेखि देशमा जरा गाडेको गरिबी र कुपोषणसँगै २०७२ सालको भूकम्प र विश्वव्यापी कोभिड माहामारीको कारण गरिबीको रेखाभित्रको जनसंख्या थप बढेको छ । यो समस्या समाधान गर्न एवं मुलुकमा आर्थिक समृद्धि ल्याउन पनि कृषि क्षेत्रमा व्यापक सुधारको खाँचो छ ।

मुलुकमा भएको खेतीयोग्य जमिनको अधिकतम उपयोग गर्दै जानुपर्ने अहिलेको टड्कारो खाँचो हो । यसै अनुरुप उत्पादन बढाउन र पूर्वाधार निर्माणलाई आर्थिक वृद्धिको आधारका रूपमा लिई आगामी आर्थिक वर्ष २०७९ र ८० को संघीय सरकारको बजेटमा कृषि प्राथमिकतामा परेको छ । प्रान्तीय सरकारले समेत हाल प्रस्तुत गरेका बजेटमा कृषिको विविधीकरण, व्यवसायीकरण र यान्त्रिकीकरणमा विशेष जोड दिएका छन् । निर्दिष्ट कार्यक्रम कार्यान्वयनमा विशेष चनाखो हुनुपर्ने कुरामा सतर्कता अपनाउन जरुरी छ ।

सम्भने सम्भावना

नेपालमा भूमि वितरण तथा खण्डीकरणको समस्या दिनहुँ बल्झँदो छ । कृषक परिवारको नाममा सालाखाला आधा हेक्टरको छेउछाउ खेतीयोग्य जमिन रहेको र त्यो पनि विभिन्न ठाउँमा छरिएर रहेकोले सघन खेतीको सम्भावना कम छ । यसैकारणले बहुसंख्यक नेपालीहरू कृषिमा निर्भर रहेको भन्नु यो पेशा बढी हात-मुख जोड्ने मात्र हुनु हो । विगतमा धान निर्यातकर्ता भएको हाम्रो मुलुक अहिले ठूलो मात्रामा कृषिजन्य वस्तु पैठारी गर्ने स्थितिमा पुगेको छ । केही वर्ष अघिसम्म दक्षिण एसियाली मुलुकहरूमा सबभन्दा बढी जमिनको उत्पादकत्व रहेको नेपाल अहिले सार्क मुलुकहरू मध्ये सबभन्दा थोरै उत्पादकत्व रहेको मुलुक भएको छ । कृषियोग्य जमिनको सबदो र अनुकूल चक्लाबन्दी नगरेसम्म सिँचाइ पानीको दक्षता बढाएर कृषिको उत्पादकत्व बढाउन कठिन हुन्छ । देशका खासगरी ग्रामीण भेगबाट ठूलो संख्यामा युवा शक्ति विदेशीने र उनीहरूले पठाएको पैसाबाट विदेशी मुद्रा कमाउने हालको स्थितिले गाउँबस्ती बिरानो र एकलास भएका छन् । यसले गर्दा जग्गा बाँझो हुने अवस्था बढेको छ । कृषि यान्त्रिकीकरणले यो समस्या समाधान गर्न सघाउ पुग्नेछ ।

कृषि उत्पादन र उत्पादकत्व सपार्न मौसमले मुख्य भूमिका खेल्ने भएकोले हावापानी मापन केन्द्रहरूको विकास र मौसम भविष्यवाणीसँगै सही कृषि सूचना कृषक कहाँ समयमै पुऱ्याउने संयन्त्रको विकास गर्न सरकारसँगै उनीहरूको निजी र गैरसरकारी संघसंस्थाको साझा प्रयासमा हुनुपर्ने हुन्छ । यसले किसानको मनोबल बढ्नुसँगै उनीहरूको जीवनस्तर सपार्न सहयोग पुग्नेछ । उनीहरूको उत्पादनले उचित मोल पाउन कृषि वस्तुको तस्करी र अनियन्त्रित पैठारीलाई नियमन गर्न जरुरी छ । नेपालमा उपलब्ध औषधिजन्य जडीबूटीसँगै आयुर्वेदिक औषधिको उत्पादन तथा बाहिरी मुलुकहरूमा तिनको निर्यातको सम्भावना प्रशस्तै छ । यस्तै मसलाजन्य उत्पादन र तिनको निर्यातको प्रशस्त अवसरहरू छन् । तेलबाली एवं दाल दलहनको उत्पादन र उत्पादकत्वमा सुधारको पनि प्रचुर सम्भावना रहेको छ । यी सबै कृषि वस्तुको अन्तर्राष्ट्रिय स्तरमा राम्रो मूल्य पाउन सकिन्छ ।

सिँचाइ विकास र कृषि उत्पादन

कृषियोग्य जमिनमा सिँचाइ सुविधा भएमा बाली सघनता तथा बाली विविधीकरण गरेर कृषि उत्पादन एवं रोजगारी बढ्छ यसरी गरिबी घटाउन मद्धत पुग्छ पनि । आम्दानी बढाएर कृषकका जीवनस्तर सपार्न सिँचाइ योग्य जमिनमा सिँचाइ प्रणालीहरूको विकास र उचित मर्मतसम्भार तथा उपयोग गर्नेतिर ध्यान दिनु जरुरी छ । नेपालका धेरै खोलाहरूको मुख्य स्रोत वर्षाबाट पर्ने पानी नै हो । देशमा सरदर एक वर्षमा १५०० मिलिमिटर वर्षा हुन्छ । यसको ८०५ मध्य जेठदेखि मध्य असोजको चार महिनामा पर्छ । हिमाली भेगबाट उत्पत्ति हुने नदीहरू जस्तै कोशी, नारायणी, कर्णाली, महाकालीमा वर्षै भरी पानी हुन्छ भने महाभारत पर्वत श्रृंखलाबाट उत्पत्ति हुने नदीमा सुख्खायाममा थोरै पानी बग्छ भने चुरे पहाडबाट उत्पत्ति हुने नदीहरू सुख्खा याममा सुक्छन् । सोही मुताबिक ती नदीहरूबाट पाइने पानीको मौसमी मात्रालाई विचार गरेर बनेका सिँचाइ प्रणालीमा पानी कति हुने/नहुने हिसाब हुन्छ । यसरी वर्षायाममा बढी पानी पर्छ भने सोको कारण ठूला पहिरोको प्रकोपबाट वर्षेनी ठूलो धनजनको क्षति हुने गरेको छ भने तराईमा बाढीबाट डुबानको कारणले क्षति हुन्छ । यसलाई रोक्थाम गर्न नदीहरूको जलाधार क्षेत्र संरक्षणमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । यस्तै वर्षाको मौसममा नेपालका नदीहरूमा पानीसँगै ठूलो परिमाणमा बालुवा, गेग्रान, मलिलो माटो पनि बग्दछन् । विकासको क्रममा अनियन्त्रित तवरले बनाइएका ग्रामीण सडक आदि पनि मलिलो माटो विनास गर्ने कारण भएका छन् । यसलाई जोगाउन बहुउद्देशीय आयोजना (सिँचाइ, विद्युत उत्पादन आदि) गर्न बाँध निर्माण भए कम लागतमा बढी फाइदा लिन सकिन्छ ।

यसरी निर्माण गरिएका जलाशयबाट वर्षातमा पानी जम्मा गर्न सकिन्छ र जम्मा गरेको पानी सुख्खा मौसममा चाहिनेगरी उपयोग गर्न पनि सकिन्छ । देशमा रासायनिक मल कारखानाको स्थापना अझै हुन नसकेको र बाह्य मुलुकबाट समयमा रासायनिक मल आपूर्ति गर्ने जवाफदेही कसैको नभए जस्तो देखिएकाले पनि कृषकहरू निरन्तर मर्कामा परेका छन । विगतमा रासायनिक मल र प्राङ्गारिक मलको उपयोग चाहिँदो सन्तुलन कायम गर्न नसकेकोले माटोको उत्पादकत्वमा उल्टो प्रभाव परेको भनिन्छ । समस्या समाधान गर्न दीर्घकालीन रूपमा देशमा नै रासायनिक मल कारखाना स्थापना गर्नुपर्ने छ र हाललाई मुलुकको कृषि सामग्री आपूर्ति गर्ने संस्थालाई जवाफदेही बनाउँदै यसको कार्यक्षमतामा अभिवृद्धि गरी समयमै आवश्यक मात्रामा रासायनिक मल आपूर्ति गर्ने सरकार, राजनीतिक दल र कृषक संगठन पनि समयमै इमान्दार हुनुपर्छ । साथै माटोको संरक्षणका साथै प्राङ्गारिक मल उचित मात्रामा प्रयोग गर्ने तर्फ सचेत हुनु जरुरी हुन्छ ।

अहिलेको कुल कृषियोग्य जमिन २६ लाख ४१ हजार हेक्टरमध्ये २२ लाख ६५ हजार हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउन सकिनेमा हालसम्म १५ लाख हेक्टर जतिमा कुनै न कुनै रूपमा सिँचाइको पूर्वाधार विकास भएको तथ्यांकले देखाउँछ । यसबाट बाँकी सिँचाइ योग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्नुपर्ने र अरु तीन लाख ८६ हजार हेक्टर खेतीयोग्य जमिनमा पूर्णतया आकाशे पानीमा भर पर्नु पर्ने हुँदा सोको लागि खेतिपाती तहमै पानीपोखरी निर्माण गरी वर्षाको पानी जोगाएर बर्षमा आधारित कृषकहरूलाई सहयोग गर्नु पर्ने हुन्छ । कृषि परिप्रेक्ष्य योजना (सन् १९९५-२०१५) र हालको कृषि विकास रणनीति (सन् २०१५-२०३०) सम्मले अंगीकार गरेको सोचअनुसार तराईमा भूमिगत स्थानो ट्युबवेल र गहिरो ट्युबवेलको विकास अपेक्षित रुपमा हुनसकेको छैन । साथै हाल निर्माण भएका ठूला सिँचाइले भन्दा यस्ता स्थानीय साना सिँचाइ प्रणालीबाट खासगरी बहुसंख्यक साना तथा गरिब किसानलाई बढी फाइदा कुरा अनुभवबाट देखिन्छ । ठूला सिँचाइ आयोजनाहरूबाट साधारणतया वर्षैभरी भरपर्दोसँग पानी नपाइने भएकोले भूमिगत सिँचाइ र ठूला सिँचाइलाई जोडेर एकीकृतरूपमा वर्षैभरी सिँचाइ सुविधा पाउन सकिन्छ ।

हाल नेपालका सिँचाइ प्रणालीको दक्षता (वाटर युउज इफिसेन्सी) सालाखाला ३०५ रहेको छ । यसको अर्थ ७० प्रतिशत नहरको पानी खेतमा पुग्नुभन्दा अघि नै खेर जान्छ । यस्तो स्थिति सपार्न सिँचाइ प्रणालीको आधुनिकीकरण गर्दै कृषक समुदायलाई संस्थागत र नीति निर्माणमा सहभागी बनाउने उचित सम्भावना छन् । सिँचाई पानी पाउँदा दिउँसोको सट्टा रातिमा गरिने हो भने पनि सिँचाइबाट ठाउँ र परिस्थिति हेरी सिँचाइ प्रणालीको दक्षता बढ्न सक्छ । धान खेती गर्दा धेरै पानी नोक्सान भई जाने र उपयोग भएको मलखाद पनि बगाएर लैजाने समस्या हुन्छ । यस्तो अवस्थामा जमिनसम्म बनाएर गरामा आली लगाउनु ठीक हुन्छ । यो प्रविधि नेपाली किसानले परापूर्वकालदेखि अवलम्बन गर्दै आइरहेकै छन् पनि यस्ता परम्परागत वातावरणीय प्रविधिबाट हाम्रा प्राविधिकहरूले राम्रो पाठ लिनु पर्छ पनि ।

कृषि विकासको क्रममा उन्नत प्रविधिको ठूलो आवश्यकता हुन्छ नै । नयाँ प्रविधि उपयोग गर्दा उत्पादन लागत नबढोस् भन्नेतिर विशेष ख्याल राख्नुपर्ने हुन्छ । यसैले खाद्य सुरक्षा एवं निर्यातको दृष्टिकोणले धान, मकै र गहुँ जस्ता परम्परागत बालीको संरक्षण एवं विकास गर्दै व्यवसायिक खेती प्रवर्द्धन गर्न वातावरण मैत्री प्रविधि उपयोग र प्रवर्द्धन गर्दै हावापानी मौसम सुहाउँदो फलफूल खेती र विभिन्न जातका तरकारी बालीको विकासमा विशेष जोड दिनु पर्नेहुन्छ । अधिकांश कृषकहरू साना किसान भएकाले उनीहरूको संगठनात्मक क्षमता कम हुन्छ र सहकारी अवधारणा नेपालमै फस्टाउन नसकिराखेको वर्तमान अवस्था सपार्न कृषक, सरकारी, निजी, गैरसरकारी क्षेत्र र सफल सहकारी अभ्यासहरूबीचको एकीकृत कार्यगत सहकार्यले महत्वपूर्ण भूमिका खेल्न सक्छ । *-बाँकी ३ पेजमा....*

किसानलाई चाँडो मल उपलब्ध गराउन सांसदको माग

काठमाडौं, २८ असार (रासस)/ प्रतिनिधिसभाको सोमबार बसेको बैठकमा शून्य समयमा बोल्ने सांसदहरुले असार सकिन लाग्दा पनि किसानले रासायनिक मल नपाएको भन्दै चाँडो उपलब्ध गराउन सरकारसमक्ष माग गरेका छन् ।

सांसद विमला विश्वकर्माले किसानले मल बीउ नपाएर सधैं आन्दोलन गर्नुपर्ने अवस्था रहेको बताए । सांसद विष्णु शर्माले सरकारले मंसिर पुसमा ठेक्का गर्नुपर्नेमा असारमा गर्दा सधैं किसानले मल नपाएको बताए ।

सांसद सत्यनारायण शर्मा खनालले अहिले पुरानो बीउ सकिएको र नयाँ बीउ देशभर पुऱ्याउन नसकिएको तथा मनसुन सुरु भएपछि खेत रोप्न मल नभएको बताए । सांसद हितबहादुर तामाडले कृषि उत्पादन बढाउने सरकारको घोषणा भए पनि खेतीको समयमा मल नपाउँदा नारा नारामै सीमित हुने अवस्था आएको आएको बताए ।

सांसद सरलाकुमारी यादवले सरकारले आगामी आर्थिक वर्षमा कृषि क्षेत्रलाई प्राथमिकता दिने भने पनि किसानले महसुस गर्न नसकेको बताए । सांसद शान्तिमाया तामाङ पाखिनले किसानले मल तथा बिद्याथीले पुस्तक नपाएको बताए ।

सांसद सञ्जयकुमार गौतमले बाँके र बर्दियामा कपास विकास समिति विघटन गरेर किसानलाई जग्गा उपलब्ध गराउनुपर्ने माग गरे । सांसद लक्ष्मी परियारले वर्षाको समयमा उदयपुरका धेरै भूभागलाई कोसी कटानले क्षतविक्षत बनाएकले जेखिममा परेका नागरिकलाई अल्पकालीन र दीर्घकालीन व्यवस्थापनको कार्यक्रम ल्याउनुपर्ने बताए । सांसद लक्ष्मीकुमारी चौधरीले बलत्कारका घटनामा सत्यतथ्य बुझेर र पीडितले न्याय पाउनुपर्नेमा जोड दिए ।

सांसद लालप्रसाद साँवा लिम्बुले राष्ट्रिय गौरवको आयोजना हुलाकी राजमार्गका पुल २०६८ सालमा ठेक्का भएकामा अझै ५० प्रतिशत नसकिएकले निर्माण कम्पनीलाई कारवाहीको माग गरे । सांसद लीलादेवी सिटौला (गौतम)ले नेपालमा प्रत्यक्ष कार्यकारीको व्यवस्था गर्नुपर्ने, केन्द्रमा पाँच/छ मन्त्रालय राख्नुपर्ने र विकासको पुँजी विकेन्द्रीकृत गर्नुपर्ने बताए ।

सांसद विद्या भट्टराईले प्राध्यापक र सहप्राध्यापकको अन्तवार्ता एक वर्षसम्म नहुँदा शिक्षामा सुधार नआऊने उल्लेख गरे । सांसद बीनाकुमारी श्रेष्ठले दक्षिणकाली क्षेत्रमा जथाभावी उत्खनन भएकाले पहिरोको जोखिम रहेकाले नियन्त्रणमा सरकारले ध्यान दिनुपर्ने उल्लेख गरे । सांसद वृन्दा पाण्डेले काठमाडौंलगायतका सहरी क्षेत्रमा फोहर बढिरहेको र अशुद्ध पानीका कारण हैजा फैलिरहेको बताए । सांसद विशाल भट्टराईले बुढीगंगामा पहिले विनाकारण निर्वाचन राकिएको र अहिले एमालेकै उम्मेदवार विजयी भएको बताए । सांसद शक्तिबहादुर बस्नेतले शिक्षामा राज्यको लगानी कम भएको र भएको लगानी पनि सदुपयोग नभएको औंल्याए । सांसद डा शिवमाया तुम्बाहाम्फेले राष्ट्रियसभामा सर्वोच्च विचाराधीन मुद्दामा छलफल भइरहेकाले त्यसो हुनु नहुने उल्लेख गरे ।

सांसद शेरबहादुर तामाङले सिन्धुपाल्चोक संकटग्रस्त घोषणा भए पनि सरकारले नागरिकलाई त्यसबाट मुक्त बनाउन नसकेको बताए । सांसद सत्य पहाडीले डोल्पाको दुनै पहिराका कारण जोखिममा रहेको र त्यसको व्यवस्थापनका लागि बजेट पर्याप्त नभएको उल्लेख गरे । सांसद सरिताकुमारी गिरी कानुनको कारवाही हुनुपर्नेमा जोड दिए ।

सांसद सरवत आरा खानमले सरकारले इदमा बिदा दिएर मुस्लिम धर्मावलम्बीलाई देशप्रति अपनत्वको महसुस गराएको बताए । सांसद सीतारास महतोले इटहरी उपमहानगरपालिकामा शिक्षा र स्वास्थ्यमा सुधारको आवश्यकता औंल्याए । सांसद डा. सूर्यप्रसाद पाठकले जापानका लोकप्रिय नेता गुमाउँदा शोकमा डुबेको बताए । सांसद हिरा गुरुङले भारत र चीनमा कोभिड संक्रमण बढिरहेकाले सरकारको तयारी अघि बढाउनुपर्ने बताए ।

दुर्गममा अत्याधुनिक रंगशाला निर्माणको योजना

राँझा, २६ असार (रासस)/ बाँके जिल्लाको सबैभन्दा दुर्गम मानिने नरैनापुर गाउँपालिकाले अत्याधुनिक रंगशाला निर्माणका लागि तयारी गरेको छ ।

वडा नं ४ को राप्तीपारीस्थित पाँच बिघा जमिनमा बहुखेललाई लक्ष गरेर रंगशाला निर्माणको काम अगाडि बढाइएको गाउँपालिका अध्यक्ष सैयद इस्तियाक अहमद शाहले बताए ।

उनकाअनुसार बहुद्देश्यीय रंगशाला बहुवर्षीय योजनाअन्तर्गत निर्माण गरिने छ । युवा तथा खेलकुद मन्त्रालयले पाँच करोड बजेट विनियोजन गरेपछि रंगशाला निर्माणको काम अगाडि बढाइएको हो । पहिलो चरणमा रंगशालाले ओगट्ने जमिनमा माटो पटान र पर्खाल लगाउने काम सुरु हुँदैछ ।

रंगशालामा आधुनिक क्रिकेट मैदान, स्विमिङ पुल, लङ टेनिस कोर्ट, बाँस्केटबल कोर्ट र भलिबल कोर्ट निर्माण गरिने छ । अतिविशिष्ट, विशिष्ट र सर्वसाधारणका लागि प्यापिटसहितको मैदान बनाइने अध्यक्ष शाहको भनाइ थियो । सरकारको एक स्थानीय तह एक रंगशाला निर्माण गर्ने योजनाअनुसार रंगशाला निर्माण सुरु गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भरत बस्नेतले बताए । उनले रंगशाला जाने सडकका लागि गाउँपालिकाले बजेट विनियोजन गरेकाले आर्थिक वर्ष २०७९/८० मा सडक कालोपत्र र रंगशाला निर्माण सँगसँगै अगाडि बढाउने जानकारी दिए ।

उनकाअनुसार रंगशालाको डिपिआर अनुसार सम्पूर्ण निर्माण पूरा गर्न एक अर्ब आठ करोड ५४ लाख लाग्ने अनुमान गरिएको छ । केन्द्र र प्रदेश सरकारले दिएको बजेटअनुसार भौतिक संरचना निर्माणको काम गर्दै जाने योजना छ । निर्माणको काम सुरु गर्न केन्द्र सरकारले बजेट उपलब्ध गराएको छ ।

प्रदेश सरकारले हरेक वर्ष बजेट थप्दै जाने आश्वासन दिएकाले एक वर्षभित्र सडक र फिन्डको काम सम्पन्न गर्ने लक्ष लिइएको छ । डिपिआरअनुसार निर्माण पूरा भए यो लुम्बिनी प्रदेशको सबैभन्दा ठूलो रंगशाला हुने प्रमुख प्रशासकीय अधिकृत बस्नेतको भनाइ थियो ।

ध्यान केन्द्रमा बुद्धका आँखा

भैरहवा, २७ असार (रासस)/ लुम्बिनीमा निर्माण भएको ध्यानकेन्द्रमा बुद्धको आँखाको झल्को आउने गरी आँखाको चित्र निर्माण गरिएको छ ।

ध्यानकेन्द्रको छानामा बुद्धको आँखाको चित्र कोरिएको लुम्बिनी विकास कोषले जनाएको हो । हेलिकप्टर र प्लारग्लाइटिङमार्फत लुम्बिनी अवलोकन गर्न चाहने पर्यटकले उक्त आँखा अवलोकन गर्नसक्ने छन् । झन्डै ७२ करोडको लागतमा निर्माण हुँदै गरेको यो ध्यानकेन्द्रमा दुई हजार ५०० स्क्वार फुटको ठूलो बुद्धको शान्तिको प्रतिक आँखा निर्माण गरिएको कोषका सदस्य सचिव सानुराजा शाक्यले जानकारी दिए ।

दक्षिण एसियाकै नमूना ध्यानकेन्द्रको रुपमा रहेको यो ध्यानकेन्द्रमा निर्माण गरिएको आँखा संसारकै ठूलो भएको बौद्ध धर्मालम्बीले जिकिर गरेका छन् । पाँच हजार जनाको क्षमता रहेको सो ध्यानकेन्द्रको छानामा बुद्धका आँखा निर्माणसँगै पर्यटकको आर्कषण बढ्ने पर्यटन व्यवसायीको अपेक्षा रहेको छ । आधुनिक र प्रविधिमैत्री यो ध्यानकेन्द्र लुम्बिनी प्रदेशको आकर्षणको केन्द्र भएको लुम्बिनी विकास कोषका योजना प्रमुख सरोजराज भट्टराईले बताए । बुद्धकालीन कला, संस्कृति र बुद्ध झल्किने आकृतिको वास्तुकलामा निर्माण गरिएको बुद्धका आँखाले शान्तिको प्रतिकको संकेत गर्ने उनको भनाइ थियो । ध्यानकेन्द्रको आर्कषणको रुपमा रहेको बुद्धका आँखाले बुद्ध दर्शनको विकासमा समेत सहयोग पुग्ने वास्तुकला विद्हरुले बताए ।

ध्यानकेन्द्रको क्षेत्रफल ३८६ दशमलव ८८ वर्गमिटर रहेको छ । अन्तर्राष्ट्रय बौद्ध सम्मेलन तथा ध्यानका लागि यो कक्ष निर्माण भएपछि उपयोगी हुने कोषले जनाएको छ । साना र ठूला गरी ५५ वटा ढोका हुने ध्यानकेन्द्रमा बाहिरी भागमा हेलिप्याडसमेत निर्माण गरिएको छ । ध्यानकेन्द्रको निर्माणसँगै यसको वरिपरिको सौन्दर्य, अतिथि भवन, पार्किङ, शौचालय, पानीको फोहरा, मूलद्वार निर्माण गरिएका छन् । सडकदेखि प्रवेशद्वार र वृक्षरोपणका कामलाई निरन्तरता दिएको कोषले अवको केही वर्षमा वास्तुकलाविद् केञ्जो टाङगेले तयार गरेको गुरुयोजना पूरा गर्ने चरणमा रहेको छ । बुद्धको जन्मस्थल नभएकी, राजदरबार तिलौराकोट, मावली, देवदह र अस्थ्याथु भएको रामग्रामको विकासमा पनि उक्त कोषले थप सोच्नुपर्नेमा सरोकारवालाहरुले जोड दिए ।

गौतमबुद्ध विमानस्थलमा विज एयर बाउने

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट विज एयरले अन्तर्राष्ट्रिय उडान भर्ने भएको छ । आउँदो सेप्टेम्बरदेखि उक्त एयरले उडान भर्ने तयारी गरेको हो । हालसम्म क्वेतेको जजिरा एयरलाइन्सले मात्र व्यावसायिक उडान भररहेको यो विमानस्थलबाट विजले पनि उडान भर्न लागेको हो ।

जजिराले सोमबार, बुधबार शनिबार उडान गर्दै आएको छ । जजिरासँगै अव यस विमानस्थलबाट उडान गर्नका लागि विज एयरले पनि सुरु गर्ने गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलले जानकारी दिएको छ । उक्त विमानस्थलका महाप्रबन्धक गोविन्दप्रसाद दाहालले भने, हंगेरीबाट विश्वका विभिन्न देशमा उडान गरिरहेको 'अल्ट्रा लो कस्ट एस वायुसेवा'को विज एयरले भैरहवाबाट यूएईको अबुधाबीसम्म उडान भर्ने तयारी गरिरहेको छ । भैरहवाबाट विज एयरले एयरबस ३२१ निओ सिरिजको जहाजमाफर्त् उडान सञ्चालन गर्ने योजना बनाएको छ । विजले १९० सिट क्षमताको उक्त जहाज नेपालमै पहिलो पटक उडान गर्न लागेको हो ।

जहाज एयरबस कम्पनीले उत्पादन गरेको पछिल्लो संस्करणको जहाजमध्ये एक रहेको जनाइएको छ । गत जेठ २ गतेदेखि व्यावसायिकरुपमा सञ्चालनमा आएको उक्त विमानस्थलबाट पछिल्लो समय नियमित उडान भर्नका लागि विभिन्न अन्तर्राष्ट्रिय वायुसेवा प्रदायक कम्पनी इच्छुक देखिएका छन् ।

वायुसेवाका नेपालका लागि आधिकारिक जीएसए सोसाइटी इन्टरनेशनल ट्राभलका अध्यक्ष र विचन्द्र सिंहले विज एयरको मिडिल इस्टमा एसिया हब अबुधाबीमा रहेको र आफूहरु एयर बस ३२१ नियो सिरिजको जहाजमार्फत उडान सेवा दिने तयारीमा रहेको बताए ।

पूर्ण समानुपातिक निर्वाचन प्रणाली अबलम्बन गर्न माग

काठमाडौं, २७ असार (रासस)/ नेपाली जनता दलले आगामी संघीय तथा प्रदेशको निर्वाचनमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली अबलम्बन गर्न माग गरेको छ ।

उक्त दलले सोमबार रिपोर्टर्स क्लबमा पत्रकार सम्मेलन गरी हालको निर्वाचन प्रणाली बढी खर्चिलो र भड्किलो रहेको भन्दै पूर्ण समानुपातिक निर्वाचन पद्दती उपयुक्त विकल्प भएको उल्लेख गरेको छ । जनता दलले लैङ्गीक, जातीय, क्षेत्रीय, भौगोलिक जनसंख्याको आधारमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली अविलम्ब कार्यान्वयन गर्न माग गरेको छ । पार्टी अध्यक्ष हरिचरण साहले सबै वर्ग, जाती, समूदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चित हुनेगरी समानुपातिक निर्वाचन प्रणाली अपनाउनु अहिलेको अपरिहार्यता भएको बताए । उनले देशलाई शान्ति र समृद्धिको दिशामा अघि बढाउन राजनीतिक स्थिरताको खाँचो औंल्याए ।

पार्टीका संघीय परिषद् अध्यक्ष अनुप पहाडी, उपाध्यक्षद्वय रघु परियार र यामबहादुर जिसी, उपमहासचिव सुमा बास्तोलाले वैकल्पिक राजनीतिक दलको रुपमा विगत २८ वर्षदेखि संघर्ष गर्दै आएको जनता दलले जनसंख्याको आधारमा सबै क्षेत्र र वर्गको प्रतिनिधित्व हुने पूर्ण समानुपातिक निर्वाचन प्रणालीको मुद्दा विगतदेखिनै उठाइरहेको बताए ।

ठमेल पर्यटन परिषद्: दुई समूहबीच प्रतिस्पर्धा

काठमाडौं, २७ असार (रासस)/ संघीय राजधानीको प्रमुख पर्यटकीय क्षेत्र ठमेल स्वदेशी तथा विदेशी पर्यटकको आकर्षक गन्तव्यको रुपमा मानिन्छ ।

विदेशी होस् या स्वदेशी काठमाडौं उपेक्षित एक पटक ठमेल नपुराने सायदै होलान् । पर्यटक लक्षित विभिन्न पेसा र व्यवसाय अंगालेर बसेका ठमेल क्षेत्रका पर्यटन व्यवसायीको साझा संस्था ठमेल पर्यटन विकास परिषद्को नेतृत्व निकै आकर्षण मानिन्छ ।

सोही संस्थाको आगामी अधिवेशनबाट नयाँ नेतृत्व हत्याउनका लागि व्यवसायीले दुई समूहमा प्यानलसहित उम्मेदवारी घोषणा गरेका छन् । अध्यक्षसहितका पदाधिकारी सदस्यका लागि दुई समूहबीच चुनावी प्रतिस्पर्धा हुने भएको हो । यही असार ३२ गते हुने परिषद्को निर्वाचनमा अध्यक्ष पदका लागि पर्यटन व्यवसायी भविश्वर शर्माले उम्मेदवारी दिएको छ भने अर्का व्यवसायी रामचन्द्र अधिकारीले पनि अध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेको छ ।

यी दुवै उम्मेदवारले पत्रकार सम्मेलन गरी प्यानलसहित उम्मेदवारी घोषणा गरेर चुनावी प्रचारप्रसारमा जुटेका छन् । परिषद्का वर्तमान उपाध्यक्षसमेत रहनुभएका शर्माले ठमेललाई आन्तरिक र बाह्य पर्यटकको विशेष पर्यटकीय क्षेत्र बनाउनका लागि आफूले अध्यक्ष पदमा उम्मेदवारी दिएको बताए । उनले ठमेल क्षेत्रको सुरक्षाका लागि ५०० सिसी क्यामरा जडान गर्ने, सादा पोसाकमा प्रहरी परिचालन गर्ने, ठमेलभित्र ट्राफिक व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउनका लागि आफ्तो उम्मेदवारी रहेको उल्लेख गरे । आफू अध्यक्षमा निर्वाचित भए ठमेल क्षेत्रको फोहोर व्यवस्थापन, सडक तथा ढल व्यवस्थापन, तार तथा सडक बत्ती व्यवस्थापन, विकृतिमुक्त ठमेल, व्यवस्थित ठमेल, घरबेटी व्यवसायीबीच सुमधुर सम्बन्ध कायम गर्ने अध्यक्ष पदका उम्मेदवार शर्माको प्रतिबद्धता छ ।

अध्यक्ष शर्माको समूहबाट उपाध्यक्षमा सहदेव धमला, सुरेन्द्र श्रेष्ठ, प्रश्रय राजभण्डारी र महासचिवमा बढी तिमल्सिना, सचिवमा स्वजेशमान मालाकार र कोषाध्यक्षमा उज्जल थपलियाले उम्मेदवारी घोषणा गरेको छ । यस्तै सदस्यमा चेतनाथ पुडासैनी, कोपिला सिंखडा, रोशन अधिकार, लालबाबु चौधरी, पूर्णिमा मालाकार, अमृत थोकर इन्दिराकुमारी चौलागाई (गौतम) र तेन्जिङ लामा नै उम्मेदवारी दिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

सिंगो न्याय प्रणालीमै सुधारको खाँचो छः कानुनमन्त्री कोइराला

काठमाडौं, २७ असार (रासस)/ कानुन न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद कोइरालाले मुलुकको न्याय प्रणालीमै सुधार गर्नुपर्ने खाँचो रहेको औंल्याएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा 'यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९' माथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री कोइरालाले भने, "सिंगो न्याय प्रणालीमै सुधार गर्नुपर्ने अवस्था छ, त्यसमाथि यौन हिंसाविरुद्धको कानुनलाई पनि समयानुकूल बनाउनुपर्ने आवश्यकता छ ।"

बैठकमा सांसदहरुले उक्त विधेयकमा हदम्याद राखिएको भनी प्रश्न गरेको थियो । त्यसको जवाफमा कानुनमन्त्री कोइरालाले यौन हिंसासम्बन्धी अपराधको गम्भीर तालाई हेरेर अध्यादेशलाई प्रतिस्थापन विधेयकका रुपमा निरन्तरताका लागि माँदै विधेयक आएको जानकारी दिए ।

बाध्यात्मक अवस्थाले आएको विधेयकलाई एउटा सामजिक घटनाबाट उत्पन्न परिस्थितिका कारणले संशोधन प्रस्ताव आएको उनले बताए । "गम्भीर कुरा आएकाले सरकारले अध्ययन थालेको छ, त्यो अध्ययन गर्न दिउँ, अहिले प्रतिस्थापन विधेकलाई पारित गरौं, अन्य हदम्यादलगायतका विषयमा कानून आयोगले अध्ययन गरिरहेको छ", उनले सदनमा भने, प्रतिवेदनलाई पर्खौं ।" अदालतमा हुने बेथितिहरुको अन्त्य गर्नु जरुरी छ र फौजदारी अपराधका विषयमा समयानुकूल परिवर्तन गर्न पनि जरुरी रहेको उनले बताए । सदनमा सांसदहरुले उठाएका कुरामा सरकार गम्भीर रहेको बताए । मन्त्री कोइरालाले भने, "कसैले कुनै कारणले उजुरी गर्न पाएको छैन भने उसले उजुरी गर्न पाउनुपर्छ, यसलाई सम्बोधन गर्नैपर्छ ।"

तर अहिले विधेयक पास भएन भने जटिलता उत्पन्न हुनसक्ने भएकाले तत्काल विधेयक पारित गर्न पनि अनुरोध गरे । छलफलमा भाग लिँदै सांसदहरु विमला विक, विन्दा पाण्डे, मनकुमारी जिसी र विद्या भट्टराईले हदम्याद राख्न नहुनेमा जोड दिएको थियो ।

छलफलमा पुष्पा भुसाल, गौतम, डिला संगौला, पार्वतीकुमारी विशुन्के, राजेन्द्रकुमार केसी, रंगमति शाही छक्कबहादुर राना प्रेम सुवालनगायतले धारणा राखेको थियो ।

नेपालको खाद्य...

यसबाट दुर्गम जिल्लाको कृषि उपजको पहुँच बजारसम्म सहज तुल्याउन र सबैलाई पायक पर्ने स्थानमा संकलन र वितरण गर्ने व्यवस्था मिलाउन सके कृषक समुदायलाई ठूलो सुविस्ता पुग्ने देखिन्छ ।

समग्रमा भन्नुपर्दा नेपालमा कृषि विकास गर्ने प्रचुर सम्भावनाहरू छन् र यस दिशामा पाइला चाल्नसके देशको आर्थिक विकासमा टेवा पुग्नुसँगै किसानको जीवनस्तर पनि सुत्ति एवं मुलुकको बढ्दो व्यापार घाटा घटाउन सघाउ पुग्ने देखिन्छ ।

देशको खाद्य-सुरक्षालाई नै पहिले सुरक्षित गर्नु पर्ने अवस्था सृजना गर्न निरन्तरका छलफल र नीति र योजनाहरूको इमान्दार कार्यान्वयन पूर्व शर्तमैं भएका छन् ।

ट्रकको ठक्करबाट एकको मृत्यु

चितवन, २७असार (रासस)/ भरतपुर महानगरपालिका-१ पोखरा बसपार्क नजिकै ट्रकले स्कुटरलाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । एकजना घाइते भएका छन् ।

घटनामा परी इच्छाकामना गाउँपालिका-३ का २१ वर्षीय सन्दीप गुरुङको मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालयका अनुसार सोमबार बिहान १:३० बजेको समयमा पुल्चोकबाट मुग्लिनतर्फ जाँदै गरेको ना१ख ८४९७ नंको ट्रकले भित्री सडकबाट पोखरा बसपार्क जाने मुख्य सडक पार गर्न लागेको ना२६प ४८५१ नंको स्कुटरलाई ठक्कर दिएको हो ।

ट्रकको ठक्करबाट स्कुटर चालक गैंडाकोट नगरपालिका-४ का २१ वर्षीय मनिष लामा गम्भीर घाइते भएका थिए । उनको चितवन मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको छ । पछाडि सवार गुरुङको उपचारका क्रममा मृत्यु भएको हो । चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

दुर्घटना न्यूनीकरणलाई चालिएको अभियान प्रभावकारी

चितवन, २७असार (रासस)/ नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगरले सञ्चालन गरेको अभियान प्रभावकारी बन्दै गएको छ । तत्कालीन समयमा बागमती प्रदेश ट्राफिक प्रहरी कार्यालय हँदा सञ्चालनमा ल्याइएको "जस आउँछ" अभियानले प्रहरीभित्रको सुदृढीकरण र व्यावसायिक प्रहरी बनाउन सहयोग गरेको सो कार्यालयको भनाइ छ ।

कार्यालयका प्रमुख प्रहरी उपरीक्षक सुशील सिंह राठौरका अनुसार जग्गा प्राप्ति तथा भौतिक निर्माण, सवारी दुर्घटना न्यूनीकरण, आर्थिक शुद्धिकरण, उन्नत् व्यवहार र छलफल गरी प्रहरीलाई व्यावसायिक बनाउन यो अभियान सञ्चालनमा ल्याइएको हो । बागमती प्रदेशमा रहेका काठमाडौं, भक्तपुर र ललितपुर बहेकका जिल्लामा यो अभियान सञ्चालनमा ल्याइएको छ । अभियानका क्रममा कार्यालयले रामनगरमा सतनक्सी सामुदायिक वनको १० कठ्ठा जग्गा प्राप्ति गरेको छ ।

यस्तै सिन्धुलीको दूधौली र काभ्रेमा कार्यालय स्थापनाका लागि जग्गा प्राप्ति भएको उनले जानकारी दिए । नेपाल सरकार मन्त्रिपरिषद्को यही असार २१ गतेको निर्णयले रामनगरमा जग्गा उपलब्ध गराएको हो । सरकारको निर्णयसँगै कार्यालयले अस्थायी संरचना निर्माणको काम सुरु गरेको छ । सवारी दुर्घटना न्यूनीकरणका लागि हरेक जिल्लामा छड्के तथा नियमित जाँच, कारबाही, चालक र यात्रुसँग ५/५ मिनेट, चालक र सहचालकको स्वास्थ्य परीक्षण, सवारी साधनको यान्त्रिक परीक्षण गर्दै आएको छ । विद्यालयमा ट्राफिक सचेतना कक्षा सञ्चालन, सरोकारवाला निकायसँग मिली ट्राफिक व्यवस्थापन, ट्राफिक सचेतनामुलक होर्डिङबोर्ड, सिसिटिभी जडान जस्ता कार्य सम्पन्न गरिएको कार्यालयले जनाएको छ ।

अभियानका क्रममा हालसम्म एक हजार ९७० जना चालक र सहचालकको स्वास्थ्य परीक्षण गरिएकोमा ६२२ जनाको आँखामा समस्या देखिएको थियो । जसमध्ये ४५७ जनामा उच्च रक्तचाप तथा मधुमेहको समस्या देखिएको छ । यस्तै सवारी साधनको यान्त्रिक परीक्षणका क्रममा अवस्था ठिक नभएका एक हजार ८२३ वटा सवारी साधनलाई कारबाही गरिएको छ । गत फागुनबाट सुरु गरिएको अभियानका क्रममा दुर्घटना न्यूनीकरणका लागि तीन हजार २२४ पटक सचेतना कार्यक्रम गरिएको कार्यालयको तथ्यांकमा उल्लेख छ ।

सो क्रममा तीन लाख ६ हजार ८३८ जनालाई ट्राफिक सचेतना कार्यक्रममा सहभागी गराइएको छ । राठौरका अनुसार आर्थिक शुद्धिकरण अभियान अन्तर्गत १२ जना प्रहरीलाई कारबाही गरिएको छ भने एक सवारी चालकलाई पकाउ गरिएको छ । ट्राफिक प्रहरीलाई घुस दिने एक जनालाई पकाउ गरी जिल्ला प्रहरी कार्यालय बुझाइएको उनले जानकारी दिए ।

शून्य सहनशीलता कायम गर्न प्रहरीलाई प्रहरीकै निगरानीमा राखिएको छ । सादा पोसाकमा रहेका प्रहरीलाई यात्रु वा चालकको रुपमा पठाएर कर्मचारीको बारेमा जानकारी लिइने गरेको उनले बताए । आर्थिक शुद्धिकरण अभियानका क्रममा प्रहरी कर्मचारीसँग महिनाको एक पटक छलफल गरी उनीहरुको समस्याबारे जानकारी लिने गरिएको छ ।

ट्राफिक व्यवस्थापनका क्रममा प्रहरीले यात्रु र पीडित पक्षलाई गर्ने व्यवहारमा परिवर्तन ल्याउनका लागि उन्नत व्यवहार कार्य सुरु गरिएको उनको भनाइ छ । उनले भने "राम्रो मीठो बोलेर पनि सहजीकरण गर्न सकिन्छ ।" दुर्घटना वा अन्य कारणले भएको समस्या समाधानका क्रममा ट्राफिक प्रहरीले राम्रो व्यवहार गर्न सके आम जनमानसले प्रहरीप्रति गर्ने व्यवहारमा परिवर्तन आउने उनको बुझाइ छ । छलफलबाट हरेक समस्याको समाधान निस्कन सक्ने भएकाले प्रहरीलाई यस तर्फसमेत केन्द्रित गराइएको कार्यालयले जनाएको छ । विशेष गरी समाजमा हुने अपराध र दुर्घटना न्यूनीकरणका लागि छलफल आवश्यक रहेको उनले बताए । छलफलबाट दिइएका सुझावलाई कार्यान्वयन गर्दै जाँदा समाजमा अपराध र दुर्घटना न्यूनीकरणमा सहयोग पुग्ने विश्वासका साथ यस अभियान सञ्चालन गरिएको उनले जानकारी दिए ।

सवारी दुर्घटना बढ्दा हुनुमा मुख्य चार कारण रहेको कार्यालयले जनाएको छ । जसमा मानवीय कारण, सडकको अवस्था, यान्त्रिक कारण, वातावरणीय कारण रहेका छन् । मानवीय कारण अन्तर्गत चालकको लापरबाही, तीव्र गति, मादकपदार्थ सेवन, ओभरटेक, ओभर लोड, मोबाइल फोनको प्रयोग, सवारी नियम उल्लंघन र यात्रुको गल्ती रहेको छ । सडकको अवस्थामा घुम्ती मोड, उकालो/ओलारो, सडक निर्माण कार्य, खाल्डाखुल्डी, जीर्ण सडक मापदण्ड विपरीत सडक, सौंघुरो सडक रहेका छन् । यान्त्रिक गडबढी, सवारीको अवस्था ठीक नहुनु ब्रेक नलाग्नु, बत्ती नबल्नुका कारण पनि दुर्घटना हुने गरेको छ । यस्तै हुस्सु, बाढीपहिरो, वर्षा, आँधीबेहरीका कारणलेसमेत दुर्घटना हुने गरेको राठौरले बताए । पछिल्लो तीन वर्षको तथ्यांक हेर्ने हो भने मुख्य राजमार्गमा सवारी दुर्घटना बढी भएको पाइन्छ । चालू आर्थिक वर्षमा एक हजार तीन सवारी दुर्घटना मुख्य राजमार्गमा भएका छन् भने ग्रामीण सडकमा ४८६ र सहरी सडकमा ८७ दुर्घटना भएका छन् ।

यस्तै गत आर्थिक वर्षमा ९३१ सवारी दुर्घटना मुख्य राजमार्गमा भएकोछ । यस्तै आर्थिक वर्ष २०७६/७७ मा ४९२ दुर्घटना मुख्य राजमार्गमा भएका थिए । मुख्य राजमार्गदेखि ग्रामीण सडकसम्म हुने दुर्घटना न्यूनीकरणका लागि यो अभियान प्रभावकारी बनेको प्रहरी उपरीक्षक राठौरले बताए ।

मकवानपुरमा २० प्रतिशत मात्रै धान रोपाई

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/कृषि उत्पादनमा उल्लेख्य योगदान गर्दै आएको मकवानपुरमा हालसम्म २० प्रतिशत मात्रै धान रोपाई भएको छ ।

बागमती प्रदेशका १३ जिल्लामा हालसम्म ४३ प्रतिशत मात्रै धान रोपाई भएकोमा मकवानपुरमा २० प्रतिशत धान रोपाई भएको हो । वर्षा र रासायनिक मल अभावका कारण प्रदेशमा पर्याप्त मात्रामा धान रोपाई हुन नसकेको हो ।

बागमती प्रदेशमा पछिल्लो केही वर्ष यता धान उत्पादन क्रमिक रुपमा घट्दो रहेको छ । कृषि पेसाप्रति किसानको घट्दो आकर्षण र सरकारको अस्पष्ट नीतिले धानको उत्पादन घट्दै गएको देखिन्छ । ग्रामिण क्षेत्रका अधिकांश जग्गा बाँझै राखेकाले धान उत्पादनमा गिरावट आएको हो ।

प्रदेशका अधिकांश जिल्ला पहाडी क्षेत्रमा रहेको र पर्याप्त मात्रामा सिँचाइको सुविधा नभएकाले वर्षामा नै निर्भर हुनुपर्ने बाध्यता रहेको छ । वर्षामा निर्भर हुनुपर्ने बाध्यता कारणपनि ग्रामिण क्षेत्रका पहाडी क्षेत्रमा धान रोपाई हुन छाडेको हो । मकवानपुरका अधिकांश क्षेत्र पहाडी भूभाग छन् । मकवानपुरको हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, मनहरी, मकवानपुरगढीमा धान रोपाई हुने गरेको छ । बागमती, राक्सिराङ, इन्द्रसरोबर, कैलाश गाउँपालिकामा वर्षाको पानीबाट रोपाई गर्नुपर्ने

बाध्यता किसानलाई छ ।

बागमतीमा आर्थिक वर्ष २०७७/०७८ मा ५ लाख ९ हजार ५ सय ९० मेट्रिक टन धान उत्पादन भएकोमा थियो भने आर्थिक वर्ष २०७६/०७७ मा ५ लाख १० हजार २०० मेट्रिक टन, २०७५/०७६ मा ५ लाख २१ हजार ४ सय ४६ मेट्रिक टन धान उत्पादन भएको थियो । तर, यसवर्ष धान रोपाई कम भएमा उत्पादनमा पनि गिरावट आउने निश्चित छ । पहाडी क्षेत्रमा साउन भित्रपनि वर्षाको पानीले रोपाई हुने गरेको छ ।

बागमती प्रदेशको कृषि तथा पशुपन्छी मन्त्रालयका अनुसार प्रदेशका १३ जिल्लामा ५१ हजार ३ सय हेक्टर क्षेत्रफलमा मात्र रोपाई भएको हो । जसमा कुल क्षेत्रफलको ४३ प्रतिशत मात्र हुन आउँछ । प्रदेशको १३ जिल्ला मध्ये सबैभन्दा धेरै काठमाडौँमा रोपाई भएको छ भने सबैभन्दा कम कम धादिङमा भएको छ । काठमाडौँमा ८० प्रतिशत भएको छ । धादिङमा ११ प्रतिशत मात्र रोपाई भएको छ । ललितपुरमा ७५ प्रतिशत, भक्तपुरमा ७० प्रतिशत, दोलखामा ५० प्रतिशत र रामेछापमा ३५ प्रतिशत धान रोपाई भएको मन्त्रालयले जनाएको छ ।

यसैगरी, हालसम्म काभ्रेमा ६१, रसुवाकोटमा ४५, सिन्धुलीमा ४५, नुवाकोटमा ४५ सिन्धुपाल्चोक र चितवनमा समान ४०-४० र मकवानपुरमा २० प्रतिशत क्षेत्रफलमा रोपाई सकिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता झलकनाथ कँडेलले जानकारी दिएका छन् । बागमती प्रदेशमा कुल धान उत्पादन हुने क्षेत्र १ लाख २० हजार ५ सय हेक्टर जमिनको ९० प्रतिशतमा धान खेती हुने गरेको प्रवक्ता कँडेलले बताए ।

शैक्षिक मेला गर्दै जनकल्याण मावि

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/थाहा नगरपालिकामा रहेको जनकल्याण माध्यमिक विद्यालयले 'प्रथम जनकल्याण शैक्षिक मेला-२०७९' आयोजना गर्ने भएको छ ।

जनकल्याण माविको व्यवस्थापनमा थाहा नगरभित्र रहेका विद्यार्थी माझ शैक्षिक ज्ञान आदानप्रदान गर्ने उद्देश्यसहित शैक्षिक मेला आयोजना गर्न लागेको विद्यालयका प्रधानाध्यापक सानोभाई काकीले बताए । थाहा नगरमा रहेका विद्यालयका प्रधानाध्यापक, प्रतिनिधि र सञ्चारकर्मीबीच भएको अन्तर्क्रिया कार्यक्रममा प्रधानाध्यापक काकीले नगर भित्रका विद्यालयबीच शैक्षिक गुणस्तर मापन, विद्यार्थीहरुको क्षमता विकास र शैक्षिक ज्ञान आदानप्रदान गर्नका लागि शैक्षिक मेला फलदायी हुने दावी गरेका छन् ।

शैक्षिक मेलामा एसईई दिएर बसेका विद्यार्थीहरुका लागि शैक्षिक परामर्श, कक्षा ११ मा भर्ना हुने विद्यार्थीलाई विशेष छुट तथा विज्ञान प्रदर्शनी प्रतियोगिता हुने सहायक प्रधानाध्यापक रायमाझीले बताए । रायमाझीले विज्ञान प्रदर्शनी प्रतियोगितामा उत्कृष्ट हुने सहभागीलाई पुरस्कृत गरिनेसमेत बताए । मेलामा थाहा नगरभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको प्रदर्शनी स्टल समेत रहने, विद्यार्थीको सीप परीक्षण, निशुल्क माटो परीक्षण सिविर, प्लान्ट क्लिनिक समेत रहेको आयोजकले जनाएको छ ।

२०२५ सालमा स्थापना भएको थाहा नगरको अग्रणी शैक्षिक संस्था जनकल्याण माविमा हाल विज्ञान, बाली विज्ञान (कक्षा ९-१२), व्यवस्थापन, शिक्षा, मानविकी र कृषि विषयको तीन वर्षे स्नातक तहको अध्ययन अध्यापन भइरहेको छ । अन्तर्क्रिया कार्यक्रममा प्रधानाध्यापक काकीले ३०-३१ असारमा जनकल्याण मावि प्राङ्गणमा हुने शैक्षिक मेलामा सहभागी हुन थाहा नगरका सम्पूर्ण अभिभावक, शिक्षक, विद्यार्थीपत्रकार लगायत सरोकारवालाहरुलाई आग्रह गरे ।

एसईई दिएर बसेका विद्यार्थीहरुले उच्च शिक्षा अध्ययनका लागि विषय छनौट गर्न सहज वातावरण बनाई विद्यार्थी तथा अभिभावकले आफ्नो रुची र क्षमता अनुसारको विषय छनौट गरी नगर भित्र रहेका विद्यालयमा अध्ययन गर्न मेलाले अभिप्रेरित गर्ने विद्यालयका सहायक प्रधानाध्यापक मनोज रायमाझीले बताए ।

मेयरलाई आफ्नै छोराको ध्यानाकर्षण: शिक्षा क्षेत्रको विकृति हटाउनूस्

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/हेटौंडा उपमहानगरपालिकाकी मेयर भिनाकुमारी लामालाई आफ्नै छोरा सुपेन लामाले अनेरास्ववियूकोतर्फबाट शैक्षिक क्षेत्रको विकृति हटाउन माग गर्दै ज्ञापन पत्र बुझाएका छन् ।

नेकपा (एकीकृत समाजवादी) निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियू)ले लामालाई हेटौंडा उपमहानगर पालिकाभित्र शिक्षा क्षेत्रमा देखिएको समस्या, विकृति र विसंगतिको सामुल अन्त्य गर्न र हेटौंडा उपमहानगर पालिकालाई शैक्षिक हबको रुपमा विकास गर्न १५ बुँदे ज्ञापन पत्र बुझाएको छ । लामाको छोरा सुपेन अनेरास्ववियू नगर समति अध्यक्ष हुन् । सोमबार मेयरको कार्यकक्षमा पुगेर सुपेनसहित अनेरास्ववियूका जिल्ला अध्यक्ष अरुण बर्तौला, सचिव आकाश अधिकारीसहितको टोलीले शिक्षा क्षेत्रको रुपान्तरणका लागि ध्यानाकर्षण गराएको हो ।

अनेरास्ववियूले हेटौंडा उपमहानगरपालिका भित्रका निजि विद्यालयहरुले मनपरि रुपमा शुल्क उठाउने गरेको अभिभावकहरुको गुनासो आएको भन्दै यसलाई नियन्त्रण गर्न लामाको ध्यानाकर्षण गराएको छ । निजि विद्यालयहरुको प्रभावकारी अनुगमन गर्न र नियन्त्रण गर्न संयन्त्र निर्माणका लागि माग गरिएको छ । निजि विद्यालयले निर्धारण गरेको नयाँ चर्को शुल्क तत्काल खारेज गरी आवश्यक सरोकारवालाहरुको सहभागितामा निश्चित मापदण्ड बनाई नयाँ शुल्क निर्धारण गर्न माग गरिएको जिल्ला सचिव अधिकारीले जानकारी दिए । सरकारी निकायको फितलो अनुगमन प्रणाली र अनावश्यक राजनीतिक खिचातानीले राज्यको लगानीमा रहेका सामुदायिक विद्यालयको

गुणस्तर दिन प्रतिदिन खस्किँदै गइरहेको भन्दै अनेरास्ववियूले चिन्ता व्यक्त गरेको छ । नियमित रुपमा सामुदायिक विद्यालयको विद्यार्थीसँग अर्न्तक्रिया गर्न मेयरसँग विद्यार्थी कार्यक्रम सञ्चालन गर्न, माध्यमका नाममा रहेको वर्गीय विभेद अन्त्य गर्न सबै सामुदायिक विद्यालयमा शुल्कका आधारमा माध्यम छनौट गर्नपर्ने बाध्यताको अन्त्य गर्न आवश्यक पहल गरिनु पर्ने, अंग्रेजी माध्यम र नेपाली माध्यमको शुल्क र गुणस्तरमा एकरुपता बनाइनुपर्ने, हरेक विद्यालयमा एक जना खेलकुद प्रशिक्षक र एक जना नर्सको व्यवस्था गरिनुपर्ने, हरेक सामुदायिक विद्यालयको माथि तहमा अनिवार्य रुपमा सिपमुलक तालिम संचालन गरिनुपर्ने लगायतका माग राखिएको छ ।

अनेरास्ववियूले केहि विद्यालयमा विद्यार्थीको लागि व्यवस्था गरिएको दिवा खाजामा शिक्षक र कर्मचारीसमेतले खाने गरेको पाइएकोले त्यसको तत्काल छानविन गरी कारवाहीको दायरामा ल्याइनुपर्ने माग गरेको छ । हरेक सामुदायिक विद्यालयको हिसाबकिताब पारदर्शी बनाउन सबै सामुदायिक विद्यालयलाई केन्द्रित लेखा प्रणाली विकास गरि नियन्त्रण गरिनुपर्ने, अन्तर विद्यालय खेलकुद कार्यक्रमको आयोजना गरिनुपर्ने, सामुदायिक विद्यालयलाई पूर्णप्रविधिमैत्री बनाइनुपर्ने, शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमहरुको व्यवस्था गर्नुपर्ने माग राखिएको छ ।

विद्यालय र क्याम्पस वरिपरि सुर्तिजन्य पदार्थ बिक्रि वितरण गर्न नपाइने कानुन नै रहेकोले त्यसको कार्यान्वयन कडाईका साथ लागु गर्नुपर्ने, हेटौंडा उपमहानगर पालिकाभित्रका गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा हासिल आवश्यक छात्रवृत्ति प्रदान गर्नुपर्ने, आवश्यकता भन्दा बढी भार बोकेर विद्यालय जानु पर्ने बाध्यताको अन्त्य गर्न हरेक विद्यालयमा लकरको व्यवस्था गरिनुपर्ने, हेटौंडाभित्रका उत्कृष्ट विद्यार्थीहरुलाई प्रयोगात्मक शिक्षाको अभ्यास गर्न नगरपालिकामै इन्टर्नसिप गर्ने व्यवस्था मिलाइनुपर्ने माग राखिएको छ । मेयर लामाले आवश्यक मागको उचित सम्बोधन हुने प्रतिबद्धता जनाएकी छन् ।

प्रतिनिधिसभाद्वारा यौन हिंसासम्बन्धी विधेयक पारित

काठमाडौँ, २७ असार (रासस)/ प्रतिनिधिसभाको सोमबार बसेको दोस्रो बैठकले 'यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९' पारित गरेको छ ।

कानून, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा (कोइराला)ले राष्ट्रियसभाको सन्देशसहितको 'नेपाल रेल्वे विधेयक, २०७९ लाई पारित गरियोस्' भनी प्रस्तुत गर्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित भयो । उक्त विधेयकउपर बैठकमा छलफल भई उठेका प्रश्नको कानूनमन्त्री कोइरालाले जवाफ दिएपछि विधेयक पारित गरिएको थियो ।

यौन हिंसासम्बन्धी विधेयकलाई सभामुखले निर्णयार्थ प्रस्तुत गर्न लाग्दा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का सांसद झपटबहादुर राक्लले गणपूरक संख्या नपुगेको भन्दै नियमापत्ति गरेको थियो ।

नेपालको संविधानको धारा ९४ मा संघीय संसद्को कुनै पनि सदनको बैठकमा सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्य उपस्थित नभएसम्म कुनै प्रश्न वा प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्न नपाइने प्रावधान छ । सांसद राक्लको नियमापत्तिपछि सभामुख सापकोटाले ३ मिनेट जनाउ घण्टी बजाएर सांसदहरुको संख्या यकीन गर्न सचिवालयका कर्मचारीलाई निर्देशन दिएको थियो ।

सांसदहरुको संख्या कम्तीमा ६९ हुनुपर्नेमा गणना गर्दा ७७ सांसदको उपस्थिति रहेको पाइएपछि सभामुख अग्निप्रसाद सापकोटाले उक्त विधेयकलाई निर्णयार्थ प्रस्तुत गरेको थियो ।

बागमती प्रदेश युवा नीतिको मस्यौदा तयार

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार (रासस)/ बागमती प्रदेश सरकारले 'प्रदेश युवा नीति-२०७९'को मस्यौदा तयार पारेको छ । युवालाई प्रदेश विकासको मूलप्रवाहमा ल्याई सामाजिक न्याय, मानवीय, आर्थिक र भौतिक विकास सुनिश्चित गर्न युवाको गुणात्मक क्षमता विकास गरी गतिशीलता र सिर्जनशीलताको पर्याय्का रुपमा स्थापित गर्नका लागि नीतिको मस्यौदा तयार पारेको हो ।

बागमती प्रदेश युवा तथा खेलकुद मन्त्रालयले तयार पारेको नीतिका बारेमा आज सरोकार वालाबीच छलफल गरिएको छ । छलफलमा युवामन्त्री रत्न ढकालले युवा नीतिलाई युवाका विकासको संवाहकको रुपमा तयार गरिने बताए । उनले प्रदेश सरकारले युवा क्षेत्रमा उल्लेखनीय काम गरिरहेको भन्दै युवा नीतिले युवाका समस्या समाधान तर्फ केन्द्रित हुने बताए । 'हिजो हामी युवाका जुन कुरा उठाइरहेका थियौं । आज त्यही कुरा सम्बोधन गर्ने ठाउँमा रहेका छौं' उनले भने, 'नीतिले प्रदेशमा रहेका स्रोत साधन प्रयोग गरी युवालाई आत्मनिर्भर बनाउने खालको रहने छ ।'

अहिले रहेका बेरोजगार युवालाई अवसरको रुपमा लिनुपर्ने भन्दै उनले युवाबाट सरकारले धेरै भन्दा धेरै लाभ लिनसक्ने बताए । नेपाली कांग्रेस वाग्मती प्रदेशका संसदीय दलका नेता राधा घलेले युवा नीति व्यहारमा उतार्ने खालको हुनुपर्ने बताए । अहिलेका युवाका समस्यालाई ध्यानमा राखी नीति बन्ने पर्ने उनको भनाइ रहेको थियो । राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष

सुरेन्द्र बस्नेतले प्रदेश तहमा युवाको नेतृत्व विकास गर्नका लागि नीतिले महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले युवा नेतृत्वको सशक्तीकरणका लागि संघ, प्रदेश र स्थानीय तहमा युवाका संरचना बनाइ युवाको क्षेत्रमा काम गर्नुपर्ने बताए ।

नेकपा (माओवादी केन्द्र) का नेता तथा अनेरास्ववियु (क्रान्तिकारी)का पूर्वअध्यक्ष लेखनाथ न्यौपानेले युवा नीति कार्यन्वयन गर्ने खालका बनाउनुपर्नेमा जोड दिए । उनले प्रदेश सरकारको क्षमता, योग्यताअनुसार युवालाई नेतृत्व विकास गर्ने खालका कार्यक्रम नीतिमा हुनुपर्ने बताए ।

माओवादी केन्द्रका नेता तथा अनेरास्ववियु (क्रान्तिकारी)का पूर्व अध्यक्ष हिमाल शर्माले युवामा सकारात्मक भावनाको विकास गरी नेपाली माटो सुहाउँदो जनशक्ति उत्पादन गर्नुपर्नेमा जोड दिए । नेकपा (एमाले)का केन्द्रीय सदस्य माधव ढुंगेलले युवा नीति युवाका मुद्दा समेट्न खालका हुनुपर्ने बताए ।

उनले नीतिमा रहेका कार्यक्रमलाई कार्यन्वयनतर्फ लैजान अनुसार बनाउनुपर्ने धारणा राखे । अनेरास्ववियुका अध्यक्ष सुनिता बरान, अनेरास्ववियूका महासचिव आरती लामा, नेपाल विद्यार्थी संघका पूर्व केन्द्रीय सदस्य एलिजा ढकाल लगायतले युवा विद्यार्थीलाई राज्यले सही रुपमा सदुपयोग गर्न सक्ने हो भने मुलुकको समृद्धि चाँडै हुने बताए । उनीहरुले युवामा भएको क्षमता, सीप र ज्ञानलाई चिन्नुपर्ने बताए । बागमती प्रदेशका प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले मस्यौदालाई चाँडै नै अन्तिम रुप दिएर सार्वजनिक गर्ने बताए । बागमती प्रदेशमा १६ देखि ४० वर्षका युवाको संख्या प्रदेशको जनसंख्याको ३५.७९ प्रतिशत रहेका छ । मस्यौदामा युवाको सामाजिक, आर्थिक, राजनीति र विकास निर्माणमा नेतृत्व विकास गर्न वाग्मती प्रदेशमा १३ वटै जिल्लाका एक हजार युवालाई नेतृत्व विकास तालिम प्रदान गरिने छ ।

मस्यौदामा युवाको नेतृत्वको विकास गर्नका लागि 'युवा नेतृत्व मञ्च', 'युवा सेल' 'युवा उद्यमी सञ्जाल' 'प्रदेश रोजगार बैंक' जस्ता कार्यक्रम राखिएका छन् । मस्यौदामा प्रदेश सरकारबाट सञ्चालन हुने युवा लक्षित कार्यक्रमको दोहोरोपनलाई शून्यमा झारी युवा सम्बन्धी नीति, कार्यक्रम र बजेट निर्माणमा समन्वयात्मक भूमिका खेल्दै प्रदेश सरकारबाट सञ्चालन हुने युवा लक्षित कार्यक्रमलाई नतिजामुखी बनाइने उल्लेख छ ।

पेट्रोलियम पदार्थको आयात ८१ प्रतिशतले बढ्यो



काठमाडौं, २७ असार (रासस)/ केन्द्रीय बैंकका अनुसार चालु आवको १० महिनामा पेट्रोलियम पदार्थको आयात ८१.१ प्रतिशतले वृद्धि भएको छ ।

कोरोना कालपछि हरेक क्षेत्रमा सक्रियता बढेपछि पेट्रोलियम पदार्थको आयातमा उल्लेख्य मात्रामा वृद्धि भएको हो ।

नेपालले आयात गर्ने प्रमुख वस्तुमा पेट्रोलियम पदार्थ, यातायात उपमकरण, मेसिनरी तथा पार्टस र औषधि छन् । कूल वस्तु आयातमा त्यस्ता वस्तुको हिस्सा करिब एक तिहाई बराबर छ ।

यस्तै, यातायातको उपकरण तथा पार्टको आयात करिब दुई प्रतिशत, अन्य मेसिनरी तथा पार्टस्को आयात २२ प्रतिशत र औषधिको आयात १२४ प्रतिशतले वृद्धि भएको छ ।

सरकारलाई सभामुखको रुलिङ

काठमाडौं, २७ असार (रासस)/ सभामुख अग्निप्रसाद सापकोटाले सांसदहरुले शून्य समय र विशेष समयमा सांसदहरुले उठाएको विषयमा उचित जवाफ दिन सरकारको ध्यानाकर्षण गराएको छ ।

शून्य र विशेष समयमा उठाएका सवालमा सरकारले चासो नदिएको भन्दै पटकपटक सांसदहरुले आपत्ति जनाएको थियो ।

सोमबारको बैठकमा पनि शून्य समयमा सांसदहरुले मुलुकको समसामयिक एवम् राजनीतिक विषयका अलावा, पाठ्यपुस्तक र रासायनिक मल, विषद्का विषयमा



सरकारको ध्यानाकर्षण गराएको थियो ।

सभामुखले सम्बन्धित मन्त्रीलाई सांसदले उठाएको जिज्ञासाको उचित जवाफ दिन सरकारलाई रुलिङ गरे ।

पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

जय गणेश पार्टी प्यालेस प्रा.लि.

हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

यातायात कार्यालय सार्न लागिएकामा विरोध

भक्तपुर, २७ असार (रासस)/ सूर्यविनायक नगरपालिका-८ स्थित जगातीमा सञ्चालनमा रहेको 'यातायात व्यवस्था कार्यालय' पाँच वर्षपछि राधे राधेस्थित माइक्रोबस पार्कमा सार्ने भएपछि विरोध भएको छ । विसं २०७३ माघ २ गतेदेखि जगातीमा सरकारले लाखौंको लगानीमा सञ्चालनमा ल्याएको कार्यालयमा पाँच वर्षपछि राधेराधेस्थित भूकम्प अगाडि बनेको पुरानो घरमा सार्न लागेको भन्दै यहाँका व्यवसायीले विरोध गरेका हुन् ।

यातायात कार्यालयको प्राङ्गणमा स्थानीय व्यवसायी एवं लेखापढी व्यवसायीले आइतबार पत्रकार सम्मेलन गर्दै ठूलो आर्थिक रकमको चलखेलमा यातायात कार्यालय अनुपयुक्त घरमा सार्न लागेको आरोप लगाएका छन् । पत्रकार सम्मेलनमा संघर्ष समितिका संयोजक लक्ष्मी कार्कीले सरकारी मापदण्डभित्रै रहेर पाँच वर्ष कार्यालय सञ्चालनमा रहेको अरनिको राजमार्गसँगैको घर छाडेर कार्यालयमा नयाँ प्रमुख नेत्र भट्टराई आए लगत्तै ठूलो रकमको चलखेल गर्दै कार्यालय सार्न लागिएको आरोप लगाए ।

कार्यालयका प्रमुख भट्टराई घर भाडा सम्झौता नवीकरणमा आर्थिक लेनदेनको कुरा नमिलेपछि बिना सूचना र बोलपत्र बिनानै धिमिस्थित माइक्रोबस पार्कमा कार्यालय सार्न लागिएको उनको भनाइ थियो । कार्यालयले कुनै पनि नयाँ घरमा जानु अगाडि निश्चित समय तोकेर सार्वजनिक सूचना जारी गर्नुपर्नेमा सूचनानै जारी नगरी एकलौटी रुपमा भाडा मूल्याङ्कन समितिलाई समेत प्रभावमा पारेर अनुपयुक्त घरमा कार्यालय सार्न लागिएको संयोजक कार्कीको जिकिर थियो ।

कार्यालय सार्न खोजेको घर भूकम्प अगाडि बनेको साँघुरो घर भएको, मापदण्डभन्दा साना कोठा एवं भऱ्याङ रहेको, पर्याप्त पार्किङ तथा खुल्ला ठाउँ नभएको र सेवाग्राहीका लागि उपयुक्त नभएको आरोप स्थानीय व्यवसायी एवं लेखापढी व्यवसायीले लगाए । संयोजक कार्कीले भन्नुभयो, "जगातीमा कार्यालय स्थापना भएपछि कार्यालय प्रमुखका रुपमा आउनुभएका अनोज घिमिरे, किरण ढकाल, शशी शेखर महर्जन, राजकुमार कपालीलाई यही घर उपयुक्त भयो, अहिले नयाँ कार्यालय प्रमुखका रुपमा भट्टराई आएलगत्तै कार्यालय भवन अनुपयुक्त भन्दै सार्न खोजियो, यहाँका घरभेटीसँग मागेको कमिसनको रकम नमिलेपछि उता जाने निर्णय भयो ।"



गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७०७१६६४, ९८५५०३१६६४

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	CMA/ANM	Few	Negotiable	TSLC
3	Receptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन ब्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना